# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २७१ | काठमाडौं | आइतबार, १३ माघ २०८१ | Prabhab National Daily | Sunday, January 26, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


कांग्रेस पदाधिकारी र मन्त्रीलाई देउवाको निर्देशन

## संसद्मा होस् या संसद्बाहिर एक ढिक्का हुनू



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका पदाधिकारी र मन्त्रीलाई एक ढिक्का भएर प्रस्तुत हुन निर्देशन दिएका छन् । पार्टीका पदाधिकारी, पूर्वपदाधिकारी र संसदीय दल कार्यसमितिको शनिबार बसेको बैठकमा उनले यस्तो निर्देशन दिएका हुन् ।

सभापति देउवाले आगामी दिनमा संसद्मा होस् या संसद्बाहिर एक ढिक्का भएर प्रस्तुत हुन निर्देशन दिएको संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिए । 'पदाधिकारी, पूर्वपदाधिकारी र संसदीय दल कार्यसमितिको शनिबारको बैठकले संसद्को आउँदो अधिवेशनमा पार्टी एउटै आवाज र एक ढिक्का भएर प्रस्तुत गर्ने निर्णय गरेको छ,' उनले भने ।

बैठकमा गृहमन्त्री रमेश लेखकले लामो समयदेखि मुलुकको आर्थिक अवस्था शिथिलतातर्फ उन्मुख भएकाले अर्थतन्त्र चलायमान बनाउनका लागि अध्यादेशमार्फत केही कानुन संशोधन गर्नुपरेको बताएका थिए । उनले वर्तमान सरकारका कामकारबाही र प्राथमिकताबारे पनि बैठकमा जानकारी गराएका थिए ।

> पदाधिकारी, पूर्वपदाधिकारी र संसदीय दल कार्यसमितिको शनिबारको बैठकले संसद्को आउँदो अधिवेशनमा पार्टी एउटै आवाज र एक ढिक्का भएर प्रस्तुत गर्ने निर्णय गरेको छ ।
>
> ■ **श्यामकुमार घिमिरे**
> **सचेतक, नेपाली कांग्रेस**

> समग्रमा मन्त्रीहरूले राम्रै काम गरिरहनुभएको छ, तथापि हाम्रा आवश्यकता धेरै छन्, काम गर्नुपर्ने क्षेत्र ठूलो छ ।
>
> ■ **डा. प्रकाशशरण महत**
> **प्रवक्ता, नेपाली कांग्रेस**

गृहमन्त्री लेखकले संविधान संशोधनका दलका तर्फबाट गठित सदस्यबारे तत्कालै निर्णय गरेर अघि बढाइने जानकारी गराउँदै अध्यादेशमा कुनै संशोधन गर्नुपर्नेमा भएमा प्रतिस्थापन विधेयकका रूपमा सदनमा टेबुल हुने समयमा संशोधन गर्न सकिने स्पष्ट पारेका थिए । संविधान कार्यान्वयनका लागि अध्यादेशबाटै भए पनि कानुन संशोधन गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गर्न सुझाव दिए पनि पदाधिकारीले पार्टीका तर्फबाट वर्तमान सरकारमा सहभागी मन्त्रीहरूको कार्यसम्पादनप्रति कुनै टिप्पणी नभएको प्रमुख सचेतक घिमिरेले बताए ।

त्यस अवसरमा प्रमुख सचेतक घिमिरेले संसद् आगामी अधिवेशनको तयारी, विधेयक संख्या, अवस्था र पारित गर्न सकिने विधेयकबारे जानकारी गराएका थिए । संसदीय दलको आइतबार र सोमबार बस्ने बैठकमा पार्टीका आन्तरिक जीवनमा देखिएका र सुधार गर्नुपर्ने विषवस्तु भए सघनरूपमा सांसदका बीचमा छलफल गरी निष्कर्षमा पुऱ्याउने विषयमा पनि सहमति जनाइएको थियो ।

प्रमुख सचेतक घिमिरेले भने, 'विधेयकलाई संसद्मै पनि टेबल गर्न सकिन्थ्यो, त्यसो गर्दा लामो समय लाग्ने भएकाले तत्काल केही काम गरी लगानीको वातावरण सिर्जनाका लागि अध्यादेश ल्याइएको र उक्त विषयमा पदाधिकारीका बीचमा समान बुझाइ र साझा धारणा रहयो ।'

पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले मन्त्री र संविधान संशोधनका गठित संयन्त्रले बैठकमा अध्यादेश र समग्र सरकारका कामकारबाही र प्राथमिकताबारे जानकारी गराएको बताए । उनले भने, 'संसद्मा विचाराधीन विधेयकलाई आउँदो अधिवेशनमा तदारुकताका साथ पारित गरी सम्बन्धित समितिमा समयमै काम सम्पन्न गर्ने विषयमा पनि जानकारी दिइयो ।'

मन्त्रीहरूको 'ब्रिफिङ'मा पदाधिकारीहरूबाट राय, सुझाव र सल्लाह दिने उद्देश्यले बैठक आयोजना गरिएको प्रवक्ता डा. महतको भनाइ थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## मुक्कुम्लुङमा फेरि झडप
## स्थानीय र प्रहरी दुवैतर्फ घाइते

- मुक्कुम्लुङ क्षेत्रमा केबलकार आयोजना सुरू भएको विरोधमा मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समितिले आइतबार शान्तिपूर्ण विरोधको तयारी गरेको थियो
- मुक्कुम्लुङ क्षेत्रकै बलुडाँडामा भेला भएकालाई प्रहरीले धरपकड सुरू गरेपछि झडपको स्थिति सिर्जना
- प्रहरीले अश्रुग्यास हुँदै रबरको गोली चलाउँदा दुई जना घाइते भएको संघर्ष समितिको दाबी, प्रहरीतर्फ तीन जना घाइते भएको दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्थानीयको विरोधलाई बेवास्ता गर्दै केबलकार निर्माण अगाडि बढाएपछि ताप्लेजुङको मुक्कुम्लुङ



प्रहरीले चलाएको गोली लागी घाइते भएका स्थानीय घाउ देखाउँदै ।

(पाथीभरा) क्षेत्र फेरि तनावग्रस्त बनेको छ । शनिबार प्रहरी र केबलकार निर्माणको विरोधमा उत्रिएका स्थानीयबीच झडप भएको छ । प्रहरीले स्थानीयमाथि रबरको गोली चलाएको छ । दिउँसो ४ बजे प्रहरीले चलाएको रबरको गोली लागेर दुई जना घाइते भएको स्थानीयले पुष्टि गरेका छन् ।

'सुमन लावती र धर्मन पालुङ्वा गोली लागी घाइते हुनुभएको छ । अरु कतिलाई गोली लाग्यो, को कहाँ पुगे अरु खबर आउन सकेको छैन,' किरात याक्थुङ चुम्लुङकी महासचिव निरन्ती तुम्बापोले प्रभावसँग भनिन् ।

स्थानीयको विरोधकाबीच ताप्लेजुङको मुक्कुम्लुङ क्षेत्रमा केबलकार आयोजना सुरु भएको छ । यही कदमको विरोधमा मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समितिले आइतबार शान्तिपूर्ण विरोधको तयारी गरेको थियो । विरोध कार्यक्रमका लागि बलुडाँडामा भेला भएका युवाहरूलाई प्रहरीले धरपकड गरेपछि झडपसमेत भएको समितिका श्रीप्रसाद लिम्बूले बताए ।

'प्रहरीले ज्यादती गरेपछि बलुडाँडामा दोहोरो भिडन्त भयो । कुम छेउमा एक जनालाई गोली लागेको छ,' लिम्बूले भने । प्रहरीले ७० वर्षीय वृद्ध केन्द्रसिङ फुरुम्बो, जितबहादुर केदेम, दीपेश मादेन, जीवन वनेम, शसिहाङ पोमु, लक लिम्बू, राजन लिम्बूलगायतलाई कुटपिट गरेको किरात याक्थुम चुम्लुङका अध्यक्ष प्रेम याक्तेनले बताए ।

प्रहरीले भने हतियार राखेको सूचनाको आधारमा बलुडाँडा पुग्दा संघर्षरत पक्षले रोक्न खोजेपछि चार सेल अश्रुग्यास प्रहार गरेको जनाएको छ । जिल्ला प्रशासन कार्यालय ताप्लेजुङकी सहायक प्रमुख जिल्ला अधिकारी सन्दिपा खड्काले आन्दोलनकारीको साथबाट तीन थान खुकुरी र एक थान गुलेली बरामद गरेको बताइन् । स्थानीयसँग झडपमा परी तीन जना प्रहरी घाइते भएको खड्काले बताइन् । सशस्त्र प्रहरी सहायक निरीक्षक सोमदेव यादव, सहायक हवल्दार टीकाराम खवास र जवान सञ्जीव बस्नेत झडपमा परी घाइते भएको प्रहरीको दाबी छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## एकीकृत कर प्रणाली 'ह्याक' गर्नेविरुद्ध थालियो अनुसन्धान

**काठमाडौं (प्रस)–** भाटभटेनी सुपरमार्केटको एकीकृत कर प्रणालीमा अनधिकृत पहुँच पुऱ्याउनेविरुद्ध विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा अनुसन्धान सुरु गरिएको छ । जिल्ला अदालत काठमाडौंबाट सात दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान सुरु गरिएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए ।

भाटभटेनी सुपरमार्केटको एकीकृत कर प्रणालीमा अनधिकृत पहुँच पुऱ्याएको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरी शनिबार सार्वजनिक गरेको थियो । पक्राउ पर्नेमा चितवन भरतपुर महानगर-११ बस्ने पर्वत बिहादी गाउँपालिका-३ का २८ वर्षीय सन्तोष पराजुली र गोरखा भीमसेनथापा गाउँपालिका-४ घर भएका २२ वर्षीय परिन पाण्डे छन् ।

प्रवक्ता आचार्यले भने, 'आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणालीमा रहेको सूचनामा अनधिकृतरूपमा पहुँच पुऱ्याइ भाटभटेनी सुपरमार्केटले चुक्ता गर्नुपर्ने राजस्व रकम, राजस्व कर प्रणालीमा हेरफेर गर्ने कार्यमा संलग्न अभियोगमा उनीहरूलाई भरतपुर महानगरपालिका-३ स्थित बिहादी बिजनेस म्यानेजमेन्ट कार्यालयबाट विभिन्न विद्युतीय उपकरणहरूसहित गत शनिबार पक्राउ गरिएको हो ।'

उनीहरूलाई जिल्ला प्रहरी कार्यालय चितवनबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो । उनीहरूले आन्तरिक राजस्व कार्यालयको एकीकृत कर प्रणाली सूचनामा पहुँच पुऱ्याइ भाटभटेनी सुपरमार्केटबाट नेपाल सरकारलाई प्राप्त हुने राजस्वको दायराभित्र आउने दुई अर्ब ३४ करोड १६ लाख ४२ हजार रूपैयाँको राजस्व कर दायित्व छ करोड २६ लाख ९४ हजार १९ लाई परिवर्तन तथा हेरफेर गरी १३ करोड नौ लाख ५९ हजार रूपैयाँ बनाएको प्रहरीको आरोप छ ।

करदातालाई बढी कर दायित्व सिर्जना हुनेगरी राज्यको आधिकारिक कम्प्युटर सूचना प्रणालीमा अनधिकृत रूपमा प्रविष्ट गर्ने कार्य गरेको प्रारम्भिक अनुसन्धानका क्रममा खुल्न आएको प्रवक्ता आचार्यले बताए ।

**सन्दर्भ: वैदेशिक रोजगार**

## विभागका सेवाहरू अनलाइन प्रणालीमा लैजाने तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभाग सम्पूर्ण सेवाहरू अनलाइन प्रणालीबाट उपलब्ध गराउने तयारीमा लागेको छ । शुक्रबार विभागले चालु आर्थिक वर्ष २०८१/८२ को छ महिनामा सम्पन्न गरेका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

विभागले केही महिनाभित्र जाहेरी दरखास्तबाहेकका सम्पूर्ण सेवाहरू अनलाइन प्रणालीबाट मात्र प्रवाह गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको विवरणमा उल्लेख गरेको छ । यसैगरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतका सबै सूचना प्रणालीलाई एकीकृत गर्न लागिएको, कार्यप्रणालीमा सहजीकरणका लागि निर्देशिका तथा कार्यविधिहरू खारेजी तथा संशोधनका लागि सिफारिस गरिएको विभागको प्रतिवेदनमा छ ।

विभागले सुशासनको विषयलाई




प्रगति विवरणमा महत्त्वका साथ उल्लेख गरेको पाइएको छ । सुशासन प्रवर्द्धनका लागि सबै सरोकारवालाहरूको जानकारीका लागि पटक-पटक सचेनामूलक सूचना जारी गरिएकोलाई पनि प्रगतिको रूपमा प्रस्तुत गरेको छ । यसैगरी सुशासन प्रवर्द्धनका गर्नकै लागि तालिम अनुगमनलाई तीव्रता दिइएको, श्रमाधान, हेलो सरकार, सम्पत्ति शुद्धीकरण, साइबर ब्युरोलगायतका निकायका लागि 'फोकल पर्सन' तोकिएको तथा सबै प्रहरी कार्यालयमा वैदेशिक रोजगार फोकल पर्सन तोकिदिन अनुरोध गरिएको जानकारी दिएको छ ।

'कर्मचारीहरूको समय पालना तथा आचरण सुधारमा महत्त्वपूर्ण आन्तरिक पहलकदमी गरी स्वच्छता कायम गरिएको छ,' प्रगति विवरणमा उल्लेख छ, 'कार्य वातावरण राम्रो भएमा सेवा प्रवाहमा गतिशीलता कायम हुने हुँदा कार्यालयको सरसफाइ तथा अन्य भौतिक वातावरणमा सुधार ल्याइएको छ ।'

विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले विभागबाट हुने काम कारबाहीका लागि कुनै एजेन्ट आवश्यक नपर्ने व्यवस्था गरिएको दाबी गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

## दूतावासको विशेष काउन्टर सेवा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा रहेका नागरिकलाई लक्षित गरी आबुधावीस्थित नेपाली दूतावासले विशेष काउन्टर स्थापना गरी राहदानी नवीकरण सेवा प्रदान गरेको छ । दूतावासमा राहदानी नवीकरण गर्न आउने सेवाग्राहीको संख्या दिनानुदिन अत्यधिक बढ्दै गएकाले उक्त काउन्टर स्थापना गरिएको जनाइएको छ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको प्रवेशाज्ञाको अवधि समाप्त भइसकेका, राहदानी हराएका र राहदानीको म्याद सकिन लागेका तथा विभिन्न कारणले समस्यामा परी राहदानी नवीकरण गर्नुपर्ने अवस्था भएकालाई उक्त सेवाले राहत दिएको जनाइएको छ । नेपाली नागरिकका लागि विशेष प्राथमिकता दिई सञ्चालन गरिएको शनिबारको शिविरमा ५४८ जनाको राहदानी नवीकरण गरिएको दूतावासले जनाएको छ । राहदानी नवीकरणका लागि विशेष काउन्टहरू सञ्चालन गर्ने कार्यमा गैरआवासीय नेपाली संघ युएईले स्वयंसेवक उपलब्ध गराई आवश्यक सहयोग प्रदान गरेको जनाइएको छ ।

राहदानी नवीकरण प्रक्रियालाई सरल, सहज र छिटोछरितो बनाई प्रभावकारी सेवा प्रदान गर्न दूतावास सधैं क्रियाशील र कटिबद्ध रहेको दूतावासले जनाएको छ । दूतावासले यसअघि पनि सार्वजनिक बिदाका दिनहरूमा विशेष काउन्टर सञ्चालन गरेर यस किसिमका शिविरहरू सञ्चालन गर्दै आएको र भविष्यमा पनि नेपाली नागरिकको हितलाई ध्यानमा राखी सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।


**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार ब्यवसायी एसोसिएसनमा आबद्ध व्यवसायीज्यूहरुमा अनुरोध ।**

g]kfn j}b]lzs /f]huf/ Joj;foL ;3sf]ldlt @)*! kmfu0f @ ut];DkGg xg u0f{/x]sf] #)cf}+ #!cf}+aflif{s ;fwf/0f;ef tyf sfo{;ldlt rog सहितको निर्वाचनमा सहभागी हुनको लागि यही ldlt @)*! ;fn df3 !* गते सम्म मात्र प्रतिनिधि पठाउने समय रहेको जानकारी गराउँदै आ–आफ्नो कम्पनीबाट सहभागी हुने प्रतिनिधि संघको कार्यालय सिफल मा सम्पर्क गरी बुझाउनु हुन एसोसिएसनमा आवद्ध व्यवसायी ज्यूहरूलाइ हार्दिक अनुरोध गर्दछौं ।

**लोकतान्त्रिक एसोसिएसनको कार्यालय नयाँ बानेश्वर**
**सम्पर्क नं. : ०१-४५६६४२८, ९७४५९४५८१८**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यलय सिफल**
**सम्पर्क नं. : ०१-४५९०९६९, ९८०१०९७८८२**

cfjZos sfuhftx¿

१. आफ्नो कम्पनीको लेटरहेडमा निबेदन
२. सेयर लागत प्रतिलिपी
३. नागरिकता वा राहदानी को प्रतिलिपी
४. २ प्रती पासपोर्ट साइजको फोटो
५. संघमा बुझाउन बाँकी रहेको मासिक लेबि

**महेश कुमार बस्नेत**
**महासचिव**

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन**
**नयाँ बानेश्वर, काठमाडौ । सम्पर्क नं. : ०१-४५६६४२८, ९७४५९४५८१८**

पृष्ठ १ बाट क्रमशः

## मुक्कुम्लुङमा फेरि...

### 'घाइते लिन आएका एम्बुलेन्स रोकिए'

सरकारी पक्षबाट घाइते लिन आएको एम्बुलेन्ससमेत रोकेर चरम दमन गरेको आन्दोलनरत पक्षले दाबी गरेको छ। 'एम्बुलेन्सलाई पनि सुकेटारबाट माथि जान दिइएको छैन। नाजुक अवस्था छ। एम्बुलेन्स पनि रोकेको छ। धरपकड जारी छ,' महासचिव तुम्बापोले भनिन्। यस्तो विषयमा अधिकारकर्मीले साथ दिनुपर्नेसमेत उनले माग राखिन्।

यस प्रकारको कदमको आफूहरूले प्रतिरोध गर्ने उनको भनाइ छ। 'हामी निरन्तर विरोधमा छौं। केबलकार बनाउन हुन्न। हामी यसको विरोधमा लागिरहन्छौं,' तुम्बापोले भनिन्। मन्दिर क्षेत्रमा गोली चल्नु आफैंमा राज्यमाथि प्रश्न चिह्न उठ्ने घटना भएको संघर्षरत पक्षधरको भनाइ छ।

गत कात्तिक २३ गते उक्त क्षेत्रमा केबलकार बनाउन भन्दै शिलान्यासका लागि फुङलिङ नगरपालिकाका मेयर अमिर मादेन जबरजस्ती अघि बढेपछि झडप भएको थियो। शिलान्यास हुनै लाग्दा स्थानीयको अवरोधपछि ढुंगा हानाहान र प्रहरीको झडपमा परी छ जना घाइते भएका थिए।

मुक्कुम्लुङ क्षेत्रमा केवलकार निर्माणको जिम्मा पाथीभरा दर्शन केवलकार प्रालिले पाएको छ। त्यसमा ठूलो लगानी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालको छ। केबलकार परियोजना निर्माणको जिम्मा भने स्थानीयस्तरमा पाथीभरा केवलकार दर्शन प्रालिका पुष्पबहादुर बरुवाल र सुरेन्द्रकुमार गुरुङले पाएका हुन्। परियोजनाको साझेदार व्यवसायी इन्द्र केदेम लिम्बू पनि छन्।

कम्पनीले मुक्कुम्लुङ क्षेत्रमा केवलकार निर्माणका लागि ९० हजार रोपनी जग्गा ९० लाख रूपैयाँमा खरिद गरेको छ। मुक्कुम्लुङ मुलुकको पूर्वी क्षेत्रको सर्वाधिक महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हो। त्यही भएर यहाँको मौलिकता जोगाउन भए पनि केवलकार निर्माण गर्न नहुने केवलकार खारेजी संघर्ष समितिको माग छ। समितिले जबरजस्त केवलकार निर्माण गरिए हिंसा निम्तिने चेतावनी पटक-पटक दिँदै आएको छ।

समितिमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, केपी पालुङ्वा नेतृत्वको राष्ट्रिय जनमुक्ति पार्टीसँगै लिम्बूवान क्रान्तिकारी, लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा तथा वैज्ञानिक समाजवादी पार्टी आबद्ध छन्।

यी दलहरूले जग्गा खरिद बिक्रीमा अनियमितता गरेको र व्यापारिक संस्थाको उक्साहटमा सरकारले पाथीभराको क्षेत्र विस्तार गरेको आरोप लगाएका छन्। त्यही भएर केही पहिचान पक्षधर दल र संस्था लगातार आन्दोलनमा छन्। केवलकार दुई अर्ब ५५ करोड रूपैयाँ लगानीमा निर्माण हुने भनिएको छ। नदेखिनेगरी यती समूहको पनि यहाँ लगानी रहेको बुझिएको छ। १५ फागुन २०७५ मा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित यती होल्डिङ्का तत्कालीन अध्यक्ष रहेका पर्यटन व्यवसायी आङछिरिङ शेर्पालगायत यस क्षेत्रमा केवलकार सञ्चालनको सम्भावनाबारे अवलोकन गर्न पुगेका थिए। तर, फर्किएर काठमाडौं आउने क्रममा उनीहरूको हेलिकोप्टर दुर्घटनामा परी निधन भयो।

यसपछि केवलकार निर्माण परियोजना सञ्चालनमा ढिलाइ भएको थियो। तर, यतिबेला भने परियोजना निर्माणको कामले गति लिएको छ। यहीबेला पहिचान पक्षधरहरूले अवरोध सिर्जना गरेका छन्। यसप्रति असन्तुष्ट निर्माण व्यवसायीहरूले जिल्लामा 'गेम चेन्जर'जस्तै आयोजना निर्माणको वातावरण बनाउन स्थानीय प्रशासनले असहयोग गरेको आरोप लगाउँदै आएका थिए।

■■■

## संसद्मा होस्...

एक प्रश्नको जवाफमा संविधान संशोधनका विषयमा गम्भीर गृहकार्य थालनी गर्ने र त्यसमा विषयवस्तु के हुनसक्छ भनी दलभित्र पनि बेग्लै संयन्त्र पनि बन्ने सक्नेबारे गृहमन्त्री लेखकले बैठकमा जानकारी गराएका प्रवक्ता महतले बताए।

बैठकमा मन्त्रीहरूले आफ्नो सम्पूर्ण क्षमता, योग्यता र क्रियाशीलता लगाएर भइरहेको पहलबारे जानकारी तथा पदाधिकारीले सरकारमा सशक्त उपस्थितिबारे सुझाव र सल्लाह दिएको बताउँदै प्रवक्ता डा. महतले भने, 'समग्रमा मन्त्रीहरूले राम्रै काम गरिरहनुभएको छ, तथापि हाम्रा आवश्यकता धेरै छन्, काम गर्नुपर्ने क्षेत्र ठूलो छ।'

बैठकमा पार्टी नेताहरू विजयकुमार गच्छदार, विमलेन्द्र निधि, पार्टी प्रवक्ता डा. महत, महालक्ष्मी उपाध्याय, उमाकान्त चौधरी तथा स्वास्थ्य तथा जनसंख्यामन्त्री, कृषि तथा पशुपन्छीलगायतले कार्य जिम्मेवारी र समसामयिक विषयमा धारणा राखेका थिए।

■■■

## विभागका सेवाहरू...

जुनसुकै कामका लागि सीधै विभागमा आउन आग्रह गर्दै महानिर्देशक खत्रीले यदि कुनै शाखाबाट काम नभए आफूलाई सम्पर्क गर्न भनेका छन्। विभागले वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रण गर्न काम गरिरहेको भए पनि यस्तो कार्य नरोकिएको उनले बताए।

पछिल्लो समय कन्सल्टेन्सीबाट ठगीमा पर्ने क्रम बढेको उनको भनाइ छ। 'विद्यार्थी भिसाको नाममा वर्किङ भिसामा पठाएर ठगी गर्ने गरेका घटना धेरै आइरहेका छन्,' महानिर्देशक खत्रीले भने। व्यक्तिगतरूपमा गएका श्रमिकलाई न्याय दिलाउन कठिन हुने भएकोले इजाजत प्राप्त म्यानपावर कम्पनीबाट जान उनले सुझावसमेत दिए।

प्रतिवेदनमा चालु आवको छ महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या गत आवको सोही अवधिको तुलनामा ८.१७ प्रतिशतले बढेको उल्लेख गरेको छ। म्यानपावर कम्पनीले एक वर्षभित्र न्यूनतम १०० जना कामदार पठाउनुपर्ने व्यवस्था हटाउन केही नेपाल ऐन संशोधनमा पेस गरिएको, वैदेशिक रोजगारीका क्रममा मृत्यु भएकाको परिवारलाई १० लाख रूपैयाँ उपलब्ध गराउने व्यवस्था मिलाइएको, अभिमुखीकरण तालिममा आइरिस प्रणाली तथा क्लस्टरका आधारमा तालिम सञ्चालन गर्ने व्यवस्था गरिएकोलगायत विषय प्रगतिको रूपमा उल्लेख गरेको छ।

■■■

# शितलहरसम्बन्धी कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** तराईका अधिकांश जिल्लामा शितलहर बढ्न थालेको र हिमाली क्षेत्रमा पनि हिमपात भइरहेकाले त्यससम्बन्धी कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि गृह मन्त्रालयको विपद् प्राधिकरणले प्रमुख जिल्ला अधिकारीहरूको ध्यानाकर्षण गराएको छ।

जल तथा मौसम विज्ञान विभागले तराईका क्षेत्रमा शितलहर बढ्न थालेको र यो क्रम अझै केही दिन रहने जानकारीसहितको विशेष बुलेटिन नै जारी गरेको उल्लेख गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले शितलहर र हिमपातसम्बन्धी कार्ययोजना थप प्रभावकारीरूपमा कार्यान्वयन गर्न सबै प्रजिअलाई पत्राचार गरिएको जानकारी दिए।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल मधेस प्रदेशको पूर्वी भूभाग तथा कोशी प्रदेशको तराई भूभागमा मन्द शितलहरको अवस्था छ। साथै तराईका धेरै स्थानमा पनि हुस्सु तथा कुहिरो लागेको छ। कतिपय हिमाली भूभागमा हिमपात भइरहेको छ। विभागले शुक्रबार जारी गरेको शितलहरसम्बन्धी विशेष बुलेटिनमा तराईका धेरै स्थानहरूमा हुस्सु/कुहिरोको सम्भावना रहेकाले दैनिक जनजीवन, कृषि, स्वास्थ्य, यातायात तथा हवाई उडानमा असर पर्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ। यो क्रम अझै केही दिनसम्म रहने जनाइएको छ।

प्राधिकरणले शितलहर तथा हिमपातको जोखिम न्यूनीकरण र पूर्वतयारी कार्ययोजना-२०८१ जारी गरी कार्यान्वयन गरिरहेको छ। मौसमविद्का अनुसार कात्तिकदेखि फागुन महिनासम्म नेपालका विभिन्न भागमा शितलहर तथा हिमपातको प्रभाव रहन्छ। यो समयमा तराई तथा भित्री मधेसका जिल्लाहरूमा जाडोको समयमा शितलहरको जोखिम रहने र उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा तापक्रम निकै नै घट्न गई चिसो बढ्ने र हिमपात हुने गरेको प्राधिकरणका प्रवक्ता डा. भट्टराईले बताए।

शितलहर तथा हिमपातको जोखिम न्यूनीकरण र पूर्वतयारी कार्ययोजना-२०८१ मा शितलहर, अत्यधिक चिसो र हिमपातबाट विपन्न वर्गहरू बढी प्रभावित हुने र यस अवधिमा श्वासप्रश्वाससम्बन्धी रोगहरूको प्रकोप हुनसक्ने भएकाले वृद्धवृद्धा, बालबालिका, सुत्केरी, अपांगता भएका व्यक्ति, दीर्घरोगीलाई विशेष संरक्षणको आवश्यकता पर्ने शितलहर तथा हिमपातको समयमा प्रभावित हुने क्षेत्र, जनसंख्या, आवश्यक पर्ने राहत तथा उद्धारका सामग्रीहरू र गर्नुपर्ने आवश्यक पूर्वतयारी र प्रतिकार्यको योजनाबद्ध कार्यढाँचा गर्नुपर्ने उल्लेख छ।


**श्री जनजागृती सुन्दर सामुदायिक वन उपभोक्ता समूह**
नीजगढ नगरपालिका-०५ बारा
**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१०/१३**

यस जनजागृती सुन्दर सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्र भित्र आर्थिक वर्ष ०७६/०७७ मा खयर जातको गोलाई संख्या ६५५ को १५९३.७२ क्युफिट काठ तथा आर्थिक वर्ष ०८०/०८१ मा संकलन गरिएका ढलापडा खयर जात काठको गोलाई संख्या ३१९ को ८४४.०२ क्युफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशन गरिएको छ। खयर काठको कारोबार गर्न अनुमति प्राप्त फर्म वा कम्पनी तथा उद्योगका रुपमा दर्ता तथा नवीकरण भएका डिभिजन वन कार्यालयमा वन नियमावली बमोजिम सूचिकृत भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको सम्पर्क नम्बर ९८४५२५९५९७, र ९८४५११६७९ मा सम्पर्क राख्न सकिने छ।

**श्री जनजागृती सुन्दर सामुदायिक वन उपभोक्ता समूह**
**नीजगढ नगरपालिका-०५ बारा**



**रिलायान्स फाईनान्स लिमिटेड कमलादी काठमाण्डौको बचतखातामा हकदावी सम्बन्धी ३५ दिने सूचना**
(प्रकाशित मितिः २०८१/१०/१३)

का.जि. का.म.न.पा. वडा नं. १३ बस्ने सिद्धि विक्रम ध्वज जोशीको श्रीमती हाम्रो आमा सकुन्तला जोशीको मिति २०७५/१०/०७ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. १०१११०२०००१३८७ बन्द गरी उक्त बचत खातामा रहेको रकम हामी निवेदकहरुलाई पाउं भनी मृतका छोराहरु शशि विक्रम ध्वज जोशी, इन्दु विक्रम जोशी र समीर विक्रम ध्वज जोशीले संयुक्त निबेदन दिनु भएको हुँदा उक्त बचत खाता उपर निजहरु बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ। साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: 01 5361104, 5323117, 5361041, 5361167 | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा



**अरिहन्त मल्टिफाईवर्स लिमिटेड**
**सोनापुर, सुनसरीको**
**वार्षिक साधारण सभा बस्ने सूचना**

शेयरधनी महानुभावहरु,
यस **अरिहन्त मल्टी फाईवर्स लिमिटेड**को सञ्चालक समितिको मिति २०८१।१०।०३ मा बसेको बैठकको निर्णयानुसार कम्पनीको आ.ब.२०८०।८१ को वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१।११।०४ गते आइतबार (तदनुसार १६ फेब्रुअरी २०२५)
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**छलफलका प्रस्तावहरु:**
**(क) साधारण प्रस्तावहरु:**
१. संचालक समितिले तयार गरेको आर्थिक वर्ष २०८०।८१ वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३१ आषाढ २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।
३. चालु आर्थिक वर्ष २०८१।८२ का लागी लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा।
५. चन्दा उपहार खर्चको अनुमोदन सम्बन्धमा।
६. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
७. विविध।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको पुँजी वृद्धि गर्ने सम्बन्धमा।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**
**तेस्रो पटक प्रकाशित मितिः २०८१/१०/१३**

यस कम्पनीको मिति २०८१/०९/१९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **स्वयम्भु ईङ्गलिस बोर्डिङ्ग स्कूल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **स्वयम्भु विद्या कुञ्ज प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्वयम्भु विद्या कुञ्ज प्रा.लि.** (प्रा.लि.नं.१९०८८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ।



एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५९७०१५०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/१०/१३

यस बैंकको निक्षेपकर्ता श्री गंगल मलको नातीनी, श्री सितल दास राजपालको छोरी, मोहनलाल राजपालको श्रीमती, पर्सा जिल्ला, विरगँज महानगरपालिका, वडा नं. ०५ बस्ने श्रीमती कमला देवी राजपालको ८७ वर्षको उमेरमा मिति २०८१/०१/२९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा श्री माधव राजपालले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा श्री माधव राजपालको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**साउदीमा रोजगार** कम्पनी : **BRIDGES OF KAIF STORE FOR SERVING DRINKS**
पूर्व स्वीकृति मिति : २०८१/१०/११ LT. No. 317724 चलानी नं. ६०२३१९३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | 1000 | ३६,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २० गते (2st Feb. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS
श्रम ईजाजत नं. ११०८/०७३/०७४



**युएइमा रोजगार** कम्पनी : **GOLDEN SAFETY PROPERTY GUARD SERVICES L.L.C**
पूर्व स्वीकृति मिति : २०७९/११/१८ पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/१२ LT. No. 281940 चलानी नं. ६०१९७५३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guard | 2 | 0 | 1920 | ७१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 3 | 0 | 1920 | ७१,९६० | | | | | | | |


**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २० गते (2st Feb. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


आइतबार, १३ माघ, २०८१

| | |
|---|---|
| **मेष** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ। |
| **वृष** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव। |
| **मिथुन** | दिगो कामको जग बसाउन सकिने छ। |
| **कर्कट** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर। |
| **सिंह** | व्यस्तताले शरीरमा कमजोरी पना आउने। |
| **कन्या** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने। |
| **तुला** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने। |
| **वृश्चिक** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ। |
| **धनु** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ। |
| **मकर** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने। |
| **कुम्भ** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ। |
| **मीन** | सुखद् समाचारले उत्साह जगाउन छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ माघ, २०८१ (२६ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.०४ | १३८.६४ |
| युरो | १ को | १४३.७३ | १४४.३६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.१५ | १७०.८९ |
| स्विस फ्रैन्क | १ को | १५२.१९ | १५२.८५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.५४ | ८६.९२ |
| क्यानाडियन डलर | १ को | ९५.९२ | ९६.३३ |
| सिङ्गापुर डलर | १ को | १०१.७७ | १०२.२१ |
| जापानी येन | १० को | ८.८२ | ८.८६ |
| चिनियाँ युआन | १ को | १८.९४ | १९.०२ |
| साउदी अरब रियाल | १ को | ३६.८० | ३६.९६ |
| कतारी रियाल | १ को | ३७.८६ | ३८.०३ |
| थाई भाट | १ को | ४.०६ | ४.०८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५८ | ३७.७५ |
| मलेसियन रिङ्गेट | १ को | ३१.०६ | ३१.२० |
| दक्षिण कोरियन वन | १०० को | ९.६१ | ९.६५ |
| स्विडिस क्रोनर | १ को | १२.५३ | १२.५८ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३५ |
| हङकङ डलर | १ को | १७.७२ | १७.८० |
| कुवेती दिनार | १ को | ४४७.८३ | ४४९.७८ |
| बहराइन दिनार | १ को | ३६६.२६ | ३६७.८५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# कामकाजी अभिभावकको भरोसा बन्दै दिवा शिशु स्याहार केन्द्र

■ बुनु थारू



**काठमाडौं–** माघको पारिलो घाम । साना नानीहरूलाई एउटा कोठामा स्याहारकर्ताले लिटो खुवाइरहेका छन् । खेलौनाले भरिएको अर्को कोठामा गीत बजिरहेको छ, जहाँ बच्चाहरू रमाइरहेका देखिन्छन् । यो दृश्य हो, राज्यकै शक्तिशाली प्रशासनिक केन्द्र सिंहदरबारमा अवस्थित दिवा शिशु स्याहार केन्द्रको । बच्चाहरू पनि स्वच्छन्द तरिकाले खेलिरहेको देख्दा लाग्छ, उनीहरू आफ्नै घरमा छन् ।

केन्द्रमा ठ्याक्कै १:३० बजे राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत पवित्रा केसी आइन् । उनी हरेक दिन 'ब्रेक टाइम'मा आफ्नो १४ महिनाको बच्चालाई स्तनपान गराउन शिशु स्याहार केन्द्र आइपुग्छिन् । उनले तीन महिनादेखि बच्चालाई यहाँ भर्ना गरेकी हुन् । श्रीमान् र श्रीमती दुवै जागिरे । घरमा स्याहार गर्ने कोही नभएपछि केन्द्रमा राखेको उनको भनाइ छ ।

केसीजस्तै देवकी पाण्डे पनि आफ्नो छ महिने बच्चालाई स्तनपान गराउन खाजा समयमा आउँछिन् । रेडियो नेपालमा कार्यरत उनले पहिलो सन्तान पनि यही केन्द्रमा राखेर हुर्काएकी हुन् । उनले यही माघ १ गतेदेखि दोस्रो सन्तानलाई पनि कार्यालय समयमा यहाँ राख्न थालेकी हुन् । केन्द्रको स्याहारसुसार, खानपानलगायतका व्यवस्थापन राम्रो रहेको पाण्डे बताउँछिन् । उनी भन्छिन्, 'केन्द्रले हामीजस्तो कामकाजी आमालाई निकै सजिलो बनाएको छ । अफिस नजिक भएर पनि बेलाबेला आउन सहज छ । खाना स्वस्थकर छ । स्याहार राम्रो छ । बच्चालाई यहाँ छोड्दा ढुक्क लाग्छ ।'

राष्ट्रिय अनुसन्धानमा कार्यरत केसीलाई पनि यहाँको सेवा सन्तोषजनक लागेको छ । 'जागिरे बा-आमाका लागि यो केन्द्रले निकै फाइदा पुर्‍याएको छ । घरमा बच्चा हेर्ने मान्छे नभएपछि चिन्ता लाग्ने र काममा पनि ध्यान नजाने । हामी दुवै खुसी छौं,' उनले भनिन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा कार्यरत ऋचा कर्णलाई एउटै पिरलो थियो, बच्चा भएपछि कसरी स्याहार गर्ने ? दम्पती नै जागिरे हुँदा कसरी बच्चाका लागि समय निकाल्ने भन्ने चिन्ता अहिले दिवा केन्द्रले दूर गरिदिएको कर्णको भनाइ छ । हाल उनको बच्चा १० महिनाको भएको छ । 'समय-समयमा दूध खुवाउन आउन पाएकी छु । सुरुमा त केन्द्रको खानपिन कस्तो होला भन्ने चिन्ता लाग्थ्यो तर सबै सेवा राम्रो लाग्यो । पौष्टिक खानेकुरा दिनुहुन्छ । समयमा खुवाइदिने, डाइपर लगाइदिने सुविधा छ ।' उनले सरकारले यस्ता दिवा केन्द्र अरु ठाउँमा पनि खोल्नुपर्ने बताइन् ।

शिला शर्मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा कम्प्युटर अपरेटरका रूपमा कार्यरत छिन् । बच्चा सात महिनाको हुँदा दिवा केन्द्रमा राखेकी थिइन्, अहिले १४ महिनाको भइसकेको छ । सेवासुविधा राम्रो रहेको उनको भनाइ छ ।

### थप बजेट आवश्यक

दिवा शिशु स्याहार केन्द्र वि.सं. २०६७ मा निजामती कर्मचारी श्रीमती संघद्वारा व्यवस्थापन हुनेगरी सञ्चालनमा ल्याइएको हो । संघमा मुख्यसचिवकी श्रीमती पदेन अध्यक्ष हुने व्यवस्था छ । केन्द्रकी व्यवस्थापक शान्ति थापाका अनुसार बालबालिकालाई तीन प्रकारले वर्गीकरण गरिएको छ । तीन महिनादेखि एक वर्ष, एक वर्षदेखि दुई वर्ष र दुई वर्षदेखि तीन वर्षसम्मका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था छ । हाल केन्द्रमा ७५ जना शिशु छन् । खानामा उमेरअनुसार जाउलो, ओट्स, सेरलेक्स्, रोटी, अण्डा, फलफूल दिइन्छ । आमाहरूले हाजिर गर्नुभन्दाअघि नै ९:३० बजे केन्द्र खुलिसक्छ । सरकारी कार्यालयको समयअनुसार नै यहाँको सेवा सञ्चालन हुने गरेको छ । 'ब्रेक टाइम'मा बेलाबेलामा आएर आमाहरू स्तनपान गराउँछन् ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेटमा सञ्चालित यो दिवा सेवा केन्द्रमा ७५ जना बालबालिकाको क्षमता छ । हाल ४० जना बालबालिका प्रतीक्षा सूचीमा छन् ।

बच्चाहरूलाई स्याहार गर्ने, खाने, सुताउने, मात्र नभई मानसिक विकास, सामाजिक घुलनका लागि विभिन्न क्रियाकलापमा संलग्न गराउने गरिएको सहव्यवस्थापक संगीता घिमिरे बताउँछिन् । 'हामीले हरेक बालबालिकाको क्रियाकलापलाई ध्यानमा राखेका हुन्छौं । कसैको आँखा पो कमजोर छ कि, केही अंगमा समस्या पो छ कि भनेर याद गर्छौं,' उनी भन्छिन्, 'बच्चाले आँखाको इसारा, सुनेर, खेल्दा धेरै कुरा सिक्छन् । बच्चामा पनि एकअर्कासँग प्रतिस्पर्धाको भावना हुँदो रहेछ । समय-समयमा आमाहरूलाई पनि स्याहारसम्बन्धी तालिम दिँदै आएका छौं ।'

बालबालिकाले समूहमा बस्ने, मिलेर खाने र खेल्ने सबै तालिकाअनुसार गर्छन् । 'घरमा खाने टुंगो हुँदैन । यहाँ स्कुलजस्तै गरेर राखिएको छ । खाने, सुत्ने हरेक कुराको समय तालिका बनाएका छौं । त्यहीअनुसार बच्चाहरू मिलेर बसेका छन्,' उनी भन्छिन् । व्यवस्थापनले आमाहरूको 'भाइबर ग्रुप' पनि बनाइदिएको छ । बच्चाले दिनभर गरेको क्रियाकलाप भाइबरमा राखिन्छ, जसले कामका बेलामा पनि आमालाई आफ्नो बच्चाको न्यास्रो नलगोस् र काम गर्ने ऊर्जा प्राप्त भइराखोस् ।

निजामती कर्मचारी संघकी कार्यवाहक अध्यक्ष राधा ज्ञवाली महिला कर्मचारीलाई काम गर्न सहज होस्, स्तनपान गराउन सहयोग होस् र कार्यदक्षतामा असर नपरोस् भन्ने उद्देश्यले दिवा सेवा केन्द्र सञ्चालन गरिएको बताउँछिन् । उनले संघले दुई वर्षदेखि ललितपुरमा पनि दिवा सेवा केन्द्र सञ्चालन गरेको र भक्तपुरमा पनि खोल्ने तयारी रहेको बताइन् । हाल केन्द्रमा निजामती स्थायी कर्मचारीका छोराछोरीले मात्र भर्ना पाउने व्यवस्था छ । ठाउँ सीमित भएकाले त्यसो गर्नुपरेको ज्ञवाली बताउँछिन् । 'धेरै करारका कर्मचारीहरूले बच्चालाई राख्दिनुपर्‍यो भनेर अनुरोध गर्नुभएको छ, तर बजेट र ठाउँ अभावले ७५ जनाको मात्र क्षमता रहेको छ,' उनी भन्छिन् ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले केन्द्र सञ्चालनका लागि वार्षिक ६० लाख रूपैयाँ दिँदै आए पनि यो वर्ष ७० लाख रूपैयाँ बजेट प्राप्त भएको छ । यसअघि अभिभावकहरूले महिनाको एक हजार ५०० रूपैयाँ तिर्दै आए पनि बजेट अभावले यो वर्षदेखि दुई हजार ७०० रूपैयाँ बनाउनुपरेको व्यवस्थापन पक्षको भनाइ छ ।

हाल १३ जना स्याहारकर्ता केन्द्रमा कार्यरत छन् । तीन महिनादेखि एक वर्षसम्मका १७ शिशु छन्, उनीहरूलाई चार जनाले हेर्छन् । यस्तै, एकदेखि दुई वर्षसम्म २८ जनालाई चार जना स्याहारकर्ताले स्याहार गर्छन् । दुईदेखि तीन वर्षका ३० जनालाई पाँच जनाले स्याहार गर्छन् । भान्सामा एक जना कुक र एक सहयोगी छन् ।

सहव्यवस्थापक थापाले दिवा सेवा केन्द्रको मापदण्डअनुसार पूर्वाधार निर्माण गर्न नसकिएको बनाइन् । 'पूर्वाधार बालबालिकामैत्री छैनन् । बजेट कम छ । हरेक बच्चालाई आया त पुगेको छैन तर पनि स्याहारमा हामीले सतप्रतिशत दिने प्रयास गरेका छौं,' उनले भनिन्, 'स्तनपान कक्ष, बिरामी कक्षको आवश्यकता छ । बजेटले भ्याएसम्म गुणस्तरीय सेवा कायम गर्ने कोसिस गरेका छौं ।' *रासस*

# कामपामा रूख कटानका कारण सबैभन्दा बढी विपत्ति

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकामा गत आर्थिक वर्षको तुलनामा यस वर्ष रूख कटान र जल उत्पन्न विपद्का घटना बढेका छन् । यस वर्षको पुस मसान्तसम्म २३४ विपद्का घटना भएको कामपाले जनाएको छ ।

कामपा विपद् व्यवस्थापन विभागका नगर प्रहरी उपरीक्षक विष्णुप्रसाद जोशीका अनुसार चालु आवको पुस मसान्तसम्म सबैभन्दा धेरै रूख कटानका कारण ७७ र जल उत्पन्न प्रकोपका कारण ५० घटना भएका छन् ।

त्यसैगरी विद्युत्बाट आगालागीका घटना ५९, खाना पकाउने ग्यासबाट दुई र अन्य विपद्का घटना १२ रहेको विष्णुप्रसाद जोशीले जानकारी दिए । उनका अनुसार कामपा क्षेत्रमा बत्तीको पोलमा हुने आगलागीका घटना बढी नै छन् । जोशीका अनुसार सडक किनारामा रूप रोप्ने काम जारी रहेको र पुराना रूख व्यवस्थापनको काम नभएकाले रूखबाट हुने विपद्का घटना बढेको हो । यस्ता घटनामा कमी ल्याउन कामपाले पुराना रूख व्यवस्थापनको काम गरिरहेको उनले जानकारी दिए ।

गत आर्थिक वर्षभरमा विभिन्न प्रकारका गरी ४३१ विपद्का मात्र घटना घटेका थिए । यसरी बत्तीको पोलमा हुने आगलागीका घटना विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाले अस्तव्यस्तरूपमा राखेको तारको कारणले हुने गरेको कामपाको ठहर छ ।

त्यसैगरी जीर्ण खाना पकाउने ग्यास सिलिण्डरको प्रयोग, ग्यास पाइप र रेगुलेटरको नियमित परीक्षण नगर्दा र वार्षिकरूपमा नफेर्दा आगोजन्य विपद्का घटनामा कमी आउन नसकेको उपरीक्षक जोशीको भनाइ छ । विपद्का घटना बढ्न थालेपछि कामपाले यसको नियन्त्रणका कृत्रिम अभ्यास र सर्वसाधारणका लागि जनचेतनाका कार्यक्रमसमेत गर्न थालेको छ । कृत्रिम अभ्यासअन्तर्गत सुरक्षित तवरबाट आगो कसरी निभाउने, सडक दुर्घटना भएको समयमा घाइतेलाई तत्काल अस्पतालसम्म कसरी लैजानेजस्ता विषयमा जानकारी गराइरहेको छ ।

कामपाले आगलागी हुँदा दमकल जान नसक्ने साँघुरा सडक तथा गल्लीमा ड्राइ राइजर जडानको काम तीव्ररूपमा अघि बढाएको छ । कामपाको वडा नम्बर ६, ७, ९, १३, १७, १८, २१, २५ र २७ ड्राइ राइजर जडान भइसकेको छ भने अन्य वडाहरूमा आवश्यकताअनुसार उक्त प्रविधि जडान भइरहेको छ ।

# 'फेसलेस गभर्नेन्स' प्रणालीतर्फ कामपा

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले 'फेसलेस गभर्नेन्स' (भौतिक उपस्थितिविना नै सेवा लिने) सेवा कार्यान्वयनको प्रक्रिया थालेको छ । एकीकृत विद्युतीय सेवा प्रणालीमा संस्थागत क्षमता विकास गर्न महानगर लागिपरेको प्रवक्ता नविन मानन्धरले बताए । सेवाग्राहीलाई सेवा लिन अभ्यस्त गराउँदै 'फेसलेस गभर्नेन्स'का लागि काम भइरहेको उनको भनाइ छ ।

यही क्रममा महानगरले इसिफारिस कार्यान्वयनका लागि वडाध्यक्ष र वडासचिवका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । 'कानुन र प्रक्रिया हेर्ने सचिव र व्यवहारिकता हेर्ने वडाध्यक्षका बीचमा सिफारिस दिने प्रणाली सञ्चालनसम्बन्धी बुझाइ एउटै हुनुपर्छ,' उनले भने ।

सोही कार्यक्रममा सुशासन समितिका संयोजक ख्यामराज तिवारीले सामान्य सिफारिस लिन कार्यालयमा पुग्नुपर्ने, लाइन बसेर कर्मचारीको टेबलमा पुग्नुपर्ने अवस्थालाई पूर्ण अन्त्य गर्नुपर्नेमा जोड दिए । अभिमुखीकरण कार्यक्रममा वडाध्यक्षहरूले नागरिकको आवश्यकता पूरा गर्न प्रणालीलाई अद्यावधिक गराउँदै लैजानुपर्नेमा जोड दिए ।

वडाहरूमा प्रणालीलाई अनिवार्य गराउन सूचना प्रविधि विभागले प्राविधिक सहायताका लागि कर्मचारी खटाएको छ । विभागका प्रमुख अनिरुद्र नेपाल भन्छन्, 'परामर्श दिने कर्मचारी र कार्यालयमै बसेर सहयोग गर्ने कर्मचारी खटाएका छौं । प्रणाली स्वतः सञ्चालनमा नआउञ्जेलसम्म वडाहरूलाई यो सहायता प्रदान भइरहने छ ।'

उनका अनुसार कतिपय सिफारिसहरू निःशुल्क छन् । कतिपय शुल्क तिर्नुपर्ने खालका छन् । कतिपय सिफारिसहरू भौतिक उपस्थितिमा मात्र प्रदान गर्न सकिन्छ । सेवाका यस्ता प्रकृतिसँगै, अनिवार्य गरिएका कागजपत्र संलग्न गराउने, संलग्न भएका कागजपत्रको विश्वसनीयता, भुक्तानी प्रक्रियालगायत विषय अभिमुखीकरणमा समावेश गरिएको उनले बताए ।

महानगरपालिकाका सेवालाई विद्युतीय प्रणालीमा आबद्ध गराएर अटोमेसनमा लैजान नीति कार्यान्वयनमा लैजान सुशासन समिति र सूचना प्रविधि समितिले सूचना प्रविधि विभागलाई निर्देशन दिएका छन् ।

# 'भाषा, संस्कृतिको संरक्षणमा प्रदेश सरकारले जोड दिएको छ'

**ललितपुर (प्रस)–** बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामाले भाषा, संस्कृतिको संरक्षणमा प्रदेश सरकारले जोड दिएको बताएका छन् । नेपाल भाषा मंकाः खलः यलद्वारा शनिबार यहाँ आयोजित वार्षिक साधारणसभा एवं सत्यमोहन जोशी नेपाल भाषा साहित्य पुरस्कार वितरण समारोहमा मुख्यमन्त्री लामाले भाषा र संस्कृति समाजको पुँजी भएकाले यसको संरक्षणलाई प्रदेश सरकारले प्राथमिकता दिएको बताए ।

'नेपालको मातृभाषा, संस्कृति संरक्षणका लागि संविधानले धेरै विषय सुनिश्चितता गरेको छ, जातजाति र जनजातिका लागि अवसर सिर्जना गरेको छ,' उनले भने, 'बागमती प्रदेशले पनि भाषा ऐन निर्माण गरी जनजातिको पक्षमा काम गरिरहेको छ ।' उनले कानुन निर्माण भए पनि नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा क्रममा जटिलता सिर्जना भए पनि शुक्रबारमात्रै मन्त्रिपरिषद्को बैठकले सहजीकरण गर्न व्यवस्था गरेको उल्लेख गरे ।

मुख्यमन्त्री लामाले सत्यमोहन जोशी नेपाल भाषा साहित्य पुरस्कार भाषा र संस्कृति जोगाउने काम गर्नेका लागि सम्मान भएको बताए । 'नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनका लागि जोड दिइने छ, मातृभाषाको अस्पस्टताका कारणले गर्दा विगतमा धेरैका नामहरू बिग्रिएको अवस्था थियो, अब त्यो समस्या समाधान हुन्छ, सरकारी कामकाजमा निर्धक्कका साथ नेपाल भाषा र तामाङ भाषालाई प्रयोग गर्न सकिन्छ, भाषा सिकाउन आवश्यक बजेट विनियोजन गरिएको छ,' उनले भने ।

त्यस अवसरमा भाषा साहित्यको क्षेत्रमा निरन्तर योगदान गर्दै आएका भाषासेवी तिलकप्रसाद कायस्थलाई ५१ हजार रूपैयाँसहित सत्यमोहन जोशी नेपाल भाषा साहित्य पुरस्कार प्रदान गरिएको थियो । त्यस अवसरमा बागमती प्रदेशसभा सदस्य रामकृष्ण चित्रकारले नेपालको भाषा आन्दोलनमा मंकाः खलःको महत्त्वपूर्ण भूमिका रहेको बताए । उनले भाषिक आन्दोलनले भाषा, संस्कृतिको संरक्षणका लागिमात्रै नभई राजनीतिक परिवर्तनका लागिसमेत सहयोग पुर्‍याएको बताए ।

चित्रकारले सत्यमोहन जोशी, पद्मरत्न तुलाधरलगायतको योगदानले नेपालको भाषिक आन्दोलनमा महत्त्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गर्दै भाषिक आन्दोलन पहिचानको आन्दोलन हो भने । उनले भाषा नरहे जाति रहँदैन भन्दै नेपाल भाषा मंकाः खलःलाई बागमती प्रदेश सरकारका लागि नेपाल भाषाको स्रोत केन्द्रका रूपमा सहयोग पुर्‍याउन सक्नेगरी नेपाल भाषा मंकाः खलःलाई विकास गरिनुपर्ने बताए ।


**साउदीमा रोजगार** कम्पनी : Al Maneef Fuel Company

पूर्व स्वीकृति मिति : २०८०/१०/११ | LT. No. 317635 | चलानी नं. ६०२३१९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६६,२४५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | PETROL STATION WORKER | 4 | 0 | 1000 | ३६,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २० गते (2nd Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



**JAHADA RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**MORANG , KOSHI PROVINCE, NEPAL**

**Invitation For E-Bid**

**Date of Publication: 13th Magh, 2081**

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (With VAT) | Bid Document Cost Nrs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/SQ/081/082/18 | Ward no-7 ko lohondra khola (pul purwa) badhko najik katan niyantran karya | Rs. 8,17,171.29 | 1,000.00 | - | 12:00 PM on 2081/10/28. | 2:00 PM on 2081/10/28. | 18,000.00 |

2. The details of the project is as follows :
For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**



**लुम्बिनी प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**राप्ती उपत्यका (देउखुरी), नेपाल**

**जडिबुट्टी तथा काष्ठजन्य उघम विकास सहयोग (निजी, सहकारी, सामुदायिक, साझेदारी) कार्यक्रमको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१०/१३ गते)**

लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम र विनियोजित बजेटको परिधिभित्र रही वन उद्यम तथा पर्यापर्यटन प्रवर्धन कार्यक्रमतर्फको जडिबुट्टी तथा काष्ठजन्य उद्यम विकास सहयोग (निजी, सहकारी, सामुदायिक, साझेदारी) कार्यक्रमको लुम्बिनी प्रदेश सरकारले जारी गरेको अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६, स्वीकृत कार्यक्षेत्रगत शर्त (TOR) र कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१/८२ तथा थप मापदण्ड, बमोजिम कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी, सहकारी, सामुदायिक, साझेदारी व्यक्ति/संस्था/फर्म/कम्पनीले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको ढाँचामा यस मन्त्रालयमा वा सम्बन्धित डिभिजन वन कार्यालयहरूमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना र प्रस्तावको ढाँचा यस मन्त्रालयको वेवसाइट https://moitfe.lumbini.gov.np वा सम्बन्धित डिभिजन वन कार्यालयको सूचना पाटिमा हेर्न सकिनेछ र सोही ढाँचामा तोकिएको मापदण्डभित्र रही शिलबन्दी प्रस्ताव पेश गर्नुहुन समेत सूचित गरिन्छ ।

**सचिव**
**वन तथा वातावरण मन्त्रालय**
**लुम्बिनी प्रदेश**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मुक्कुम्लुङमा द्वन्द्व बढ्न नदेऊ

राजनीतिक पहुँचका आधारमा विकासे आयोजना अगाडि बढाउँदा विकास होइन विनाश निम्तिने कुरामा सरकारले ध्यान दिएको पाइँदैन । विकास भनेको स्थानीयको आवश्यकतामा आधारित हुनुपर्छ । त्यसो त प्रकृति, त्यहाँको ऐतिहासिकतालाई बिर्सनै हुँदैन । तर, यहाँ यी विषयलाई वास्ता गरिँदैन । नेताहरूको स्वार्थमा व्यापारिक घरानालाई जथाभावी आयोजनाको स्वीकृति दिने गरिन्छ, गरिँदै आएको छ । त्यसैले त नेताहरूमाथि विकासे आयोजनाबाट र व्यापारीहरूबाट कमिसन खाने गरेको आरोप लाग्ने गरेको छ । यो आरोप उनीहरूको व्यवहारले नै पुष्टि गरिरहेको हुन्छ ।

यसको पछिल्लो उदाहरण बनेको छ ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा) क्षेत्रमा निर्माण गर्न स्वीकृति दिइएको पाथीभरा केबलकार । मुक्कुम्लुङ क्षेत्रमा केबलकार निर्माणको जिम्मा पाथीभरा दर्शन केवलकार प्रालिले पाएको छ । त्यसमा ठूलो लगानी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालको छ । केबलकार परियोजना निर्माणको जिम्मा भने स्थानीयस्तरमा पाथीभरा केवलकार दर्शन प्रालिका पुष्पबहादुर बरुवाल र सुरेन्द्रकुमार गुरुङले पाएका हुन् । परियोजनाको साझेदार व्यवसायी इन्द्र केदेम लिम्बू पनि छन् ।

कम्पनीले मुक्कुम्लुङ क्षेत्रमा केवलकार निर्माणका लागि ९० हजार रोपनी जग्गा ९० लाख रूपैयाँमा खरिद गरेको छ । मुक्कुम्लुङ मुलुकको पूर्वी क्षेत्रको सर्वाधिक महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हो । त्यही भएर यहाँको मौलिकता जोगाउन भए पनि केबलकार निर्माण गर्न नहुने केबलकार खारेजी संघर्ष समितिको माग छ । समितिले जबरजस्त केवलकार निर्माण गरिए हिंसा निम्तिने चेतावनी पटक–पटक दिँदै आएको छ ।

स्थानीयको विरोधलाई बेवास्ता गर्दै केबलकार निर्माण अगाडि बढाएपछि मुक्कुम्लुङ क्षेत्र फेरि तनावग्रस्त बनेको छ । शनिबार प्रहरी र केबलकार निर्माणको विरोधमा उत्रिएका स्थानीयबीच झडप हुँदा दुवैतर्फ घाइते हुन पुगेका छन् । यसअघि केबलकारबो शिलान्याससमेत प्रहरी परिचालन गरेर जबरजस्ती गरिएको थियो । त्यस क्रममा पनि झडप भएको थियो ।

एकतर्फ स्थानीयहरू केबलकार बन्नै नदिने पक्षमा छन् । अर्कोतर्फ निर्माण कम्पनीले जबरजस्ती काम सुरु गरेको छ । जसमा राज्यले साथ दिएको छ । राज्यले स्थानीयको मागलाई बेवास्ता गरेर व्यापारीलाई पोष्ने काम गरेको यहाँ प्रस्ट देखिन्छ । तर, यो राम्रो होइन । राज्यले स्थानीयको आवाज सुन्नुपर्छ । जबरजस्ती गरे द्वन्द्व चर्काउने काम राज्यबाट हुनु कति पनि सुहाउँदैन । यो व्यापारीप्रति राज्यको समर्पणको उदाहरण बनेको छ । यसो हुनु लाजमर्दो विषय हो । त्यसैले राज्यले मुक्कुम्लुङबासीको आवाज दबाउने होइन, सम्बोधन गर्नेतर्फ ध्यान देओस् ।

## श्रम सरोकार

### के हो 'टेलिमेडिसिन' सेवा ?

घरमै बसेर टेलिफोन या 'भर्चुअल' माध्याध्यमको प्रयोगबाट चिकित्सकसँग सम्पर्क गरी लिइने स्वास्थ्य उपचार सेवा नै टेलिमेडिसिन हो । टेलिमेडिसिनमार्फत समयमै स्वास्थ्य समस्या समाधान गर्न सकिन्छ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि यो बढी उपयोगी हुनसक्छ । यही कुरालाई मध्यनजर राख्दै सरकारले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई लक्षित गरी टेलिमेडिसिन सेवा सञ्चालन गर्दै आएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार बोर्ड सचिवालयले यो सेवा सञ्चालनमा ल्याएको हो । २०७९ चैत १५ गतेदेखि वीर अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालनमा छ ।

### कसरी लिने सेवा ?

जुनसुकै देशमा रहेका नेपालीले भाइबर, ह्वाट्सएप वा इमोमार्फत फोन गरी आफ्नो स्वास्थ्य समस्या राख्न सक्छन् । स्वास्थ्य सेवा लिन उनीहरूले सार्वजनिक बिदाको दिनबाहेक नेपाली समयानुसार बिहान १० देखि बेलुका ५ बजेसम्म सम्पर्क गर्नसक्ने व्यवस्था गरिएको छ । सेवा प्रवाहमा खटिएका मेडिकल अधिकृतले फोनमार्फत नै कामदारको स्वास्थ्य समस्या र जिज्ञासा हल गर्ने प्रयास गर्छन् । मेडिकल अधिकृतले समाधान गर्न नसक्ने स्वास्थ्य समस्या भएमा बिरामीलाई विशेषज्ञ डाक्टरबाटै समस्या समाधानका लागि परामर्श दिइन्छ । जटिल स्वास्थ्य समस्या भएका बिरामीले प्रत्येक हप्ता आइतबार र शुक्रबार विशेषज्ञ सेवा लिनसक्छन् ।

### यस कारण उपयोगी

विदेशमा रहेका नेपालीहरूलाई समय, स्थान र आर्थिक कठिनाइजस्ता कारणले गर्दा नियमित स्वास्थ्य जाँच गराउन समस्या पर्न सक्छ । टेलिमेपडसिनको माध्यमबाट आफ्नो अनुकूल समयमा घरमै बसीबसी सीधै डाक्टरसँग कुरा गर्न सकिन्छ । यसो गरे कामदारले आफ्नो स्वास्थ्य समस्याको समयमै उपचार गराउन सक्छन् । टेलिमेडिसिनको प्रयोगले समय र खर्चको बचत हुन्छ । विदेशमा गैरकानुनीरूपमा रहेका नेपाली श्रमिकहरूले यो सेवाबाट बढी लाभान्वित सक्छन् ।

यो सेवा लिन चाहने नेपाली श्रमिकले मोवाइल नम्बर ९८५१३४५७०१ र ९८५१३४५७०२ को भाइबर, ह्वाटस एप वा इमोलगायतका सामाजिक सञ्जालबाट फोन गर्न सक्ने छन् । यो सेवा पूर्णतः निःशुल्क रहेको छ ।

# पुनर्निर्माणमा ढिलाइ किन ?



■ रामबहादुर केसी

> विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ ले विस्तृत क्षति आकलन तथा पुनर्निर्माणको मुख्य जिम्मा स्थानीय तहलाई दिएको छ र ठूलो संख्यामा क्षति भई डिडिए गर्नुपर्ने अवस्थामा मात्र सम्बन्धित स्थानीय तहको अनुरोधमा प्रदेश सरकार वा प्राधिकरणले गर्नुपर्ने व्यवस्था गरेको छ । यो व्यवस्थालाई अक्षरस कार्यान्वयन गर्नुपर्ने देखिन्छ । कार्यविधिअनुसार स्थानीय तहमा कार्यरत जनशक्तिको अधिकतम परिचालन गरी डिडिएको काम तत्काल सुरु गर्ने, यो वा त्यो बहानामा विलम्ब नगर्ने अवस्था सिर्जना गर्नु पर्दछ ।

जाजरकोटलगायत पश्चिम नेपालको भूकम्पप्रभावित क्षेत्रमा हालसम्म पुनर्निर्माण कार्य अपेक्षित गतिमा सुरु हुन सकेको छैन । पुनर्निर्माण कार्य युद्धस्तरमा अगाडि बढ्न नसक्नुमा विपद्को विस्तृत क्षति आकलन (डिडिए) भई वास्तविक लाभग्राही पहिचान गर्ने कार्य समयमै सम्पन्न हुन नसक्नुलाई जिम्मेवार कारक मानिएको छ । डिडिए गर्नुको अर्थ विपद्बाट भएको क्षतिको वास्तविकता र गहिराइ मापन गरी वास्तविक लाभग्राही पहिचान गर्नु र पुनर्निर्माण कार्यलाई तथ्य र प्रमाणमा आधारित बनाई राज्यको सीमित स्रोत साधनको समुचित उपयोग गर्नु रहेको छ ।

भूकम्प गएको करिब साढे एक वर्ष बितिसक्दा पनि डिडिए नभएको कारण ढिला भएको भन्ने जिम्मेवार निकायहरू तर्क गर्दछन् । अर्कोतर्फ डिडिए गर्न बजेट अभाव भएको भन्ने तर्क पनि छ । पीडितले अस्थायी आवास निर्माणका लागि सरकारले दिने भनेको ५० हजार रूपैयाँ पनि हालसम्म पूरै प्राप्त गर्न सकेका छैनन् । हालसम्म अस्थायी आवास निर्माणबापतको रकम लाभग्राहीलाई भुक्तानी नहुनु, डिडिए गर्न अलमल हुनु र पुनर्निर्माणको काम सुरु नहुनुमा मुख्यरूपमा देहायका निकाय जिम्मेवार छन्:

#### (क) स्थानीय तह/स्थानीय विपद् व्यवस्थापन समिति:

स्थानीय तहले वास्तविक लाभग्राही पहिचान गरेर सो अनुरूप अस्थायी आवास निर्माण एवं निजी आवास पुनर्निर्माण गर्नुपर्नेतर्फ ध्यान दिनुपर्नेमा भएजति सबै घरपरिवार (जनगणना, २०७८ भन्दा बढी घरपरिवार) लाई लाभग्राही कायम गराउन खोज्नु, फर्जी लाभग्राही प्रणालीमा इन्ट्री गर्नेजस्ता गलत नियतले काम गर्नु र सो कारण भद्रगोल अवस्था सिर्जना हुनु मुख्य मुद्दा बनेको छ । यस मामिलामा स्थानीय तहको नैतिक र जवाफदेही पक्ष कमजोर देखिएको छ ।

#### (ख) जिल्ला प्रशासन कार्यालय/जिल्ला विपद् व्यवस्थापन समिति:

लाभग्राहीको अन्तिम प्रमाणीकरण गरी लाभग्राही कायम गर्ने अधिकार जिल्ला प्रशासन कार्यालय/जिल्ला विपद् व्यवस्थापन समितिको भएता पनि स्थानीय तह/स्थानीय विपद् व्यवस्थापन समितिले गरेको सिफारिसलाई छानबिन, अध्ययन अनुसन्धान नै नगरी मान्यता दिँदै जानु र तथ्य र प्रमाणको आधारमा लाभग्राही कायम गर्ने कार्यमा चुक्नु पनि पुनर्निर्माणमा ढिलाइ हुनुको अर्को कारण हो ।

#### (ग) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण:

विपद् समर्पित नेतृत्वको रूपमा काम गर्न नसक्नु, संघीय ढाँचामा काम गर्नुको सट्टा कार्यविधि, कानुन बनाउने नाममा, डिडिए गर्ने विषयमा महिनौं अल्झिनु, आफू पनि काम नगर्नु र प्रदेश एवं स्थानीय तहलाई काम गर्ने सन्दर्भमा समयमै स्पष्ट दिशानिर्देश गर्न नसक्नु, प्राधिकरण विपद्सम्बन्धी कार्यको स्रोत र सम्पर्क निकायको रूपमा आफूलाई स्थापित गर्ने मामिलामा चुक्नुजस्ता गम्भीर सवाल प्राधिकरणको विषयमा उठ्ने गरेका छन् ।

#### (घ) गृह मन्त्रालय:

आफू मातहतको प्राधिकरणले पुनर्निर्माण कार्यमा ढिलाइ गरिरहँदा पनि मुकदर्शक भएर बस्नु, आवश्यक सहजीकरण वा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न नसक्नु अर्को विडम्बना हो ।

#### (ङ) अर्थ मन्त्रालय:

विपद् व्यवस्थापनजस्तो संवेदनशील विषयमासमेत गैरजिम्मेवार भई समयमै माग भएबमोजिमको औचित्यपूर्ण बजेट निकासामा विभिन्न बहाना र कानुनी छिद्र देखाएर पन्छिन खोज्नु पुनर्निर्माणमा ढिलाइ हुनुको अर्को कारण हो ।

#### (च) राजनीतिक क्षेत्र:

फर्जी वा गैरपीडित घरपरिवार/व्यक्तिलाई लाभग्राहीको सूचीमा समावेश गर्न दबाब दिने गलत संस्कार पनि पुनर्निर्माणमा ढिलाइ हुनुको कारण रहेको छ ।

#### (छ) विपद् सम्बद्ध राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाहरू:

विपद्को क्षेत्रमा थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूले कार्य गरिरहेका भएता पनि ती संघ संस्थाहरूलाई विषय क्षेत्रगत आधारमा राष्ट्रिय आवश्यकता र प्राथमिकताबमोजिम वर्गीकरण गरी डिडिएलगायतका पुनर्निर्माणका क्षेत्रमा परिचालन गर्न नसक्नु एवं ती संघसंस्थाहरूले आफूखुसी जे गरे पनि मौन समर्थन गर्दै जानु अर्को कमजोरी हो । ती संघसंस्थाले जाजरकोटलगायतका पश्चिम नेपालमा भूकम्पपछि करोडौं रकम विभिन्न कार्यक्रम गरेर खर्च गरेका छन् । तर विपद्पपछिको प्रमुख कार्यको रूपमा रहेको डिडिए र सोको आधारमा पुनर्निर्माणले त गति नै लिन सकेन । सायद ती संघ संस्थाहरूलाई समयमै आह्वान गरेर पुनर्निर्माण सम्बद्ध कार्यमा केन्द्रित गर्न सकेको भए हालसम्म डिडिएलगायतका पुनर्निर्माणसम्बन्धी थुप्रै कार्यहरू निकै अगाडि बढिसकेका हुन्थे होला ।

### उसो भए अब के गर्ने त?

१. विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ ले विस्तृत क्षति आकलन तथा पुनर्निर्माणको मुख्य जिम्मा स्थानीय तहलाई दिएको छ र ठूलो संख्यामा क्षति भई डिडिए गर्नुपर्ने अवस्थामा मात्र सम्बन्धित स्थानीय तहको अनुरोधमा प्रदेश सरकार वा प्राधिकरणले गर्नुपर्ने व्यवस्था गरेको छ । यो व्यवस्थालाई अक्षरस कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
२. कार्यविधिअनुसार स्थानीय तहमा कार्यरत जनशक्तिको अधिकतम परिचालन गरी डिडिएको काम तत्काल सुरु गर्ने, यो वा त्यो बहानामा विलम्ब नगर्ने अवस्था सिर्जना गर्नु पर्दछ । यसका लागि डिडिए गर्न लाभग्राहीको संख्याको आधारमा स्वीकृत आधार र मापदण्डबमोजिम आवश्यक बजेट स्थानीय तहको विपद् व्यवस्थापन कोषमा तुरुन्त निकासा दिनुपर्दछ । हाल भएका जनशक्तिले मात्र डिडिए गर्न सम्भव नभएमा मात्र करार सेवा/स्वयंसेवामा जनशक्ति लिई वा प्रदेश र संघीय सरकारलेसमेत डिडिए गर्न लाभग्राहीको संख्याको आधारमा जनशक्ति उपलब्ध गराई यथाशीघ्र डिडिए गर्ने काममा सबै तहको सरकार/निकायले सघाउन आवश्यक छ ।
३. प्राधिकरणबाट परामर्श सेवा लिई एकमुष्ट डिडिए गराउँदा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्थाबमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने र त्यसका लागि खरिद प्रक्रिया नै कम्तीमा दुई महिनाभन्दा बढी लाग्ने देखिन्छ । यसका लागि निकै ढिला भइसकेको छ । सधैं प्राधिकरण वा प्रदेश सरकारले डिडिए गराइदिने विधि अवलम्बन गर्ने हो भने यस प्रकारका विपद् सधैं आइरहने, स्थानीय तहको संस्थागत क्षमता विकास पनि नहुने, परनिर्भरता बढ्ने, जिम्मेवारी बहन नगरी अरुलाई आरोप लगाउने प्रवृत्ति हाबी हुने र यसैप्रकार पुनर्निर्माण र पुनर्स्थापनाको काममा हरेक पटक विलम्ब भइरहने अवस्था रहन्छ ।
४. प्राधिकरणले डिडिएसम्बन्धी मापदण्ड तयार पार्नु पर्दछ । समय, स्थान, दूरी, सम्बन्धित जिल्ला/पालिकाको जिल्ला/स्थानीय दररेटलगायतको विश्लेषण गरी प्रतिघर डिडिए गर्न लाग्ने प्रतिएकाइ मूल्य निर्धारण गर्नुपर्दछ । सम्बन्धित पालिकाका प्राविधिक जनशक्ति, वडासचिव एवं सम्बन्धित अन्य कर्मचारीलाई तालिम/अभिमुखीकरण गर्नु आवश्यक छ । प्रत्येक पालिका/जिल्लाका लागि प्राधिकरणबाट उपसचिवको नेतृत्वमा प्राविधिकसहितको जिम्मेवारी टोली तयार परी शर्तसहितको कार्यविवरणसहित फिल्डमा खटाउन सकिन्छ ।
५. डिडिएको आधार, मापदण्ड र प्रतिएकाइ लागतबारे सम्बन्धित स्थानीय तहलाई स्पष्ट जानकारी गराउन र यथाशीघ्र स्थानीय तहले डिडिए र पुनर्निर्माणको काम सँगसँगै गर्न सक्ने वातावरण तयार गर्न आवश्यक छ ।
६. प्राधिकरणले तोकेको दरमा अधिकांश पालिकामा त्यहीको प्राविधिक जनशक्तिले उच्च मनोबलका साथ यो काम गर्न सक्छन् । प्राविधिक जनशक्ति कम भएको पालिकामा सम्बन्धित पालिकाका प्राविधिक जनशक्तिको नेतृत्वमा यही दरमा काम गर्ने गरी करार/स्वयंसेवक सूचीमा रहेका प्राविधिक जनशक्तिबाट पनि काम गराउन सकिन्छ । प्राविधिक जनशक्तिको करार/स्वयंसेवक सूची सम्बन्धित पालिका वा प्रदेश सरकार वा प्राधिकरणले तयार गरी परिचालन गर्न सकिन्छ ।
७. डिडिएबाट संकलित डेटा पालिकाको प्राविधिक शाखा प्रमुखको सिफारिसमा सोही पालिकाको प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्ने र सो विवरण आवश्यक भएमा प्राधिकरणबाट तोकिएको निकायले तुरुन्त रुजु गर्ने व्यवस्था मिलाइ तत्कालै पुनर्निर्माण सम्झौता भई पुनर्निर्माणको काम सुरु हुने व्यवस्था गर्नुपर्दछ ।
८. यसरी काम गर्दा के फाइदा हुन्छ ?
   (क) खरिद प्रक्रियाको झण्झट व्यहोर्नु पर्दैन । प्रतिएकाइ दर निर्धारण भएको भोलिपल्टदेखि नै डिडिएको काम अगाडि बढाउन सकिन्छ ।
   (ख) प्रतिएकाइ दर तोकिएकोले खटिएको कर्मचारीले मरिमेटी रातदिन नभनी काम गर्न सक्छन् र डिडिएको काम निकै कम समयमा सम्पन्न हुन सक्छ । डिडिए भइरहेकै बेलादेखि नै निजी आवास पुनर्निर्माणको काम सुरु गर्न सकिन्छ ।
   (ग) संकलित डेटाको छड्के जाँच हुने भएकोले फिल्डमा डिडिए गर्न खटिने प्राविधिक कर्मचारीले जिम्मेवारीपूर्ण ढंगले काम गर्न सक्छन् ।
   (घ) स्थानीय तहको संस्थागत क्षमता विकास भई आगामी दिनमा विपद्पछिको पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्यमा कुनै विलम्ब हुँदैन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अपनत्व महसुस भई काममा दिगोपना आउँछ ।

अतः देशको शासकीय स्वरूप र राजनीतिक प्रणाली संघीय ढाँचामा रूपान्तरित भइसकेको सन्दर्भमा विपद् व्यवस्थापनसम्बन्धी कार्य पनि संघीय ढाँचामा नै गर्नु वैज्ञानिक, संविधान/कानुनसम्मत् र न्यायोचित हुन्छ ।

*(लेखक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव हुन्)*

## पाठक मञ्च

### राज्यको ढुकुटी रित्तै, बजेटमा योजना पार्न नेता–कर्मचारीको दौडधुप

अबको केही महिनापछि आर्थिक वर्ष २०८२/८३ को बजेट ल्याउँदै छ । जेठ १५ गते बजेट संसद्मा प्रस्तुत गर्ने संवैधानिक व्यवस्थाअनुरूप सरकारले बजेट भाषणको तयारी थालिसकेको छ । मन्त्रालयहरूले बजेट बनाउन सुरु गरिसकेका छन् । राजनीतिक दलबाट चुनिएर आएका जनप्रतिनिधिहरू आफ्नो क्षेत्रमा बजेट पार्नका लागि मन्त्रालय धाइरहेका छन् ।

आफ्नो क्षेत्रमा जति बजेट हाल्न सक्यो, त्यति कमिसन खान पाइन्छ । त्यसैगरी, आफूले विकास गरेको नारा लगाएर अर्को चुनावमा मतदातासँग मत माग्न पाइने भएकाले जनप्रतिनिधिहरूको दौडधुप नै चल्छ । बजेटको तयारी सुरु भएसँगै निजामती कर्मचारीका ट्रेड युनियनहरू तलब बढाउनका लागि दबाब दिन तातिएका छन् । तीन वर्षदेखि तलब नबढेका उनीहरूले गोप्यरूपमा मन्त्रीहरूसँग भेटघाट अघि बढाएका छन् । अब आउने बजेटमा आफ्नो माग हालैरे छाड्ने अडानमा उनीहरू छन् । सरकारले चालु आव २०८१/८२ को बजेट कार्यान्वयन गरेको छ महिना बितिसकेको छ । विडम्बना, न सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सक्यो न खर्च भयो ।

सरकारको लक्ष्यको आधा पनि यो अवधिमा उठेको छैन । राजस्व उठेको छैन, जनप्रतिनिधिदेखि कर्मचारीसम्मको दबाब बढेको छ । जनप्रतिनिधिहरूलाई जसरी हुन्छ आफ्नो क्षेत्रमा बढी तलब चाहिएको छ, सरकारी कर्मचारीलाई तलबमा वृद्धि र सेवासुविधा । महालेखापरीक्षकको कार्यालयले सरकारको आम्दानीभन्दा खर्च दोब्बर भएको बताउँदै आएको छ ।

सरकारले विगतकै बक्यौता चुक्ता गर्न सकेको छैन । दूध किसान र उखु किसानको सात अर्ब, निर्माण व्यवसायीको ४५ अर्ब, कोरोनाकालमा बिमा गरेबापतको ११ अर्ब बाँकी छ । यस्तो अवस्था देख्दादेख्दै पनि जनप्रतिनिधि र कर्मचारीले सरकारलाई दबाब दिनु उचित हो ? सरकार अप्ठेरो घडीबाट ग्रुजिरहेको छ, यस्तो बेलामा दबाब दिन सुहाउँछ ? बूढापाकाले भन्थे, 'अनिकालमा बीउ जोगाउनु, हुलमुलमा ज्यान जोगाउनु ।' अहिले मुलुकमा आर्थिक संकट छ । सरकारको आम्दानी छैन, खर्च बढेको छ । विदेशी ऋण झण्डै २७ खर्बबराबर पुग्न लागिसकेको छ । सो ऋणबापत सरकारले वार्षिक पाँच खर्ब त किस्ता नै तिर्नुपर्छ । राजस्व नउठ्दा सरकारले विदेशीबाट ऋण ल्याएर किस्ता हालिरहेको छ ।

देशमा ३६ हजार जनप्रतिनिधि छन् । उनीहरूले पदअनुसार मासिक ५० हजारदेखि तीन लाख रूपैयाँसम्म तलब बुझ्छन् । सेवासुविधा छुट्टै छ । ४१ लाख नागरिकले भत्ता लिन्छन्, मासिक एकदेखि चार हजार । एक लाख २५ हजारभन्दा बढी भूपू कर्मचारी छन् । उनीहरूले २५ हजारदेखि लाखसम्म त मासिक पेन्सन नै थाप्छन् । नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बल, नेपालमा जागिरेको संख्या लाखौं छ । उनीहरूको खाने-बस्नेलगायत अन्य सेवासुविधासमेत सरकारले नै व्यहोर्नुपरेको छ । निजामती कर्मचारी त कति हुन् कति ? लाखौंमा गिन्ती हुन्छ उनीहरूको । ज्यालादारी कर्मचारी ७० हजारभन्दा बढी छन् ।

एउटा कर्मचारीले पदअनुसार मासिक ३० हजारदेखि लाखसम्म तलब बुझ्छन् । सेवासुविधाको हिसाब बेग्लै छ । कर्मचारीपिच्छे सरकारी गाडी दिइएको छ । कोही दुई पांग्रे चढ्छन्, कोही चारपांग्रे । अहिले भएका सरकारी गाडीहरू तीन लाखदेखि २५ करोड रूपैयाँसम्मको छ । त्यसमा इन्धन पनि हाल्नैपर्‍यो । सवारी चलाउन चालक चाहियो । गाडीको मर्मतसम्भार खर्च छुट्टै छ । यता, सरकारी खर्च पनि निरन्तर बढ्दै गएको छ । सरकारको खर्चको सूची लामो छ तर आम्दानीको स्रोत के ? एउटा रेमिटचान्स होइन् ? मुलुकमा उद्योग, कलकारखाना केही छैन । भएको पनि आफ्नो फाइदाका लागि राजनीतिक दलहरूले बन्द गरिहाले । देशमा रोजगारीको अवसर छैन । भर्खरका युवाहरू जम्मै विदेश पलायन भइरहेका छन् ।

यहाँ बूढाबूढी र बालबालिकामात्रै बाँकी छन् । मान्छे नहुँदा गाउँका घरमा बाँदर कुद्न थालेका छन् । कुनै समय हराभरा हुने गाउँघर उजाड बनेको छ । रेमिटचान्स सरकारी खर्च धान्ने भरपर्दो स्रोत होइन । उनीहरूले रेमिटचान्स पठाउञ्जेल त यहाँकाले मोजमस्ती गर्लान्, त्यसमा के ? सबै विदेश हानिँदा देशको जनसंख्या घटेको छ । जनसंख्या घट्नु राज्यको आम्दानीको स्रोत घट्नु हो । देश संकटको बाटोमा छ भन्ने कुरा पढ्दै नपढेको जनतालेसमेत बुझिसकेका छन् । तर, सरकारी कर्मचारी र जनप्रतिनिधिले नबुझ्नु आश्चर्यजनक छ । उनीहरूले थाहा पाएर पनि बुझ पचाएको हुनसक्छ । हुन त यहाँ आफ्नो फाइदा भयो भने देश बेच्ने 'दलाल' हरू छन् ।

सरकारी कर्मचारी तलबको विषयमा कानुन सिकाउँछन् । प्रत्येक दुई वर्षमा तलब बढाउनुपर्ने कानुनमा उल्लेख भएको उनीहरू बताउँछन् । सरकारी कर्मचारी आफूले कतिको कानुन पालना गरेका छन् र अरुलाई कानुनको पाठ सिकाउन ? उनीहरूले आफ्नो जिम्मेवारी राम्ररी निर्वाह गरेको भए आज राज्यको ढुकुटीमा खडेरी नै लाग्दैनथ्यो । आगामी बजेटमा अनावश्यक खर्च जम्मै कटौती गरौं । जनतालाई केन्द्रमा राखोस् न कि जनप्रतिनिधि र कर्मचारीलाई । कार्यकर्ता रिझाउने बजेट चाहिँदैन, गरिब जनता मार्न पाइँदैन ।

- अनुसा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**देवघाटमा भक्तजन** । तनहुँको देवघाटस्थित पुलमा शनिबार भक्तजनको घुइँचो । देवघाटमा जारी महामहोत्सवमा भक्तजनको आगमन बढ्दो छ । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# पोखरा भ्रमण वर्षको तयारीमा महानगरपालिका

■ जमुनावर्षा शर्मा



**पोखरा–** पोखरा महानगरपालिकाको विशेष पहलमा गत वर्ष पोखरालाई नेपालको पर्यटनको राजधानी घोषणा गरियो । यो घोषणाले निकै चर्चा पायो सकारात्मक र आलोचनात्मक दुवै तरिकाबाट । उचित रणनीति, पूर्वाधार विकास र दीर्घकालीन योजना निर्माण नगरी पोखरालाई पर्यटनको राजधानी घोषणा गरिएको भन्ने टिप्पणी भएको थियो । तथापि, पोखरालाई पर्यटन राजधानी घोषणा गरेसँगै यस क्षेत्रले आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा महत्त्वपूर्ण फाइदाहरू लिने विश्वासले पोखराका पर्यटन व्यवसायीमा बेग्लै ऊर्जा थपेको छ ।

घोषणापश्चात् पोखरालाई अन्तर्राष्ट्रिय पहिचान दिलाउनाका साथै स्थानीय अर्थतन्त्रमा वृद्धि, रोजगारीका अवसर सिर्जना र पूर्वाधार विकासको गति तीव्रसँगै यसले पर्यटकहरूलाई आकर्षित गर्दै स्थानीय कला, संस्कृति र प्राकृतिक सौन्दर्यको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास सरोकारवाला सबैमा रहेको पाइन्छ । यतिबेला पोखरा महानगरपालिकाले अहिले पोखरा भ्रमण वर्ष २०२५ लाई भव्यरूपमा मनाउने तयारी गरिरहेको छ ।

महानगरको नीति तथा कार्यक्रममा समेटेको भ्रमण वर्षलाई यही जनवरी महिनाको अन्तिम या फेब्रुअरीमा औपचारिक कार्यक्रम गरेर अघि बढाउने तयारी गरिरहेको पोखरा महानगरका प्रमुख धनराज आचार्यले जानकारी दिए । उनले पोखरा भ्रमण वर्षलाई सफल बनाउन विशेष तयारीमा साथ लागिपरेको बताए । 'पोखरा भ्रमण वर्ष २०२५ हाम्रो महानगरको पर्यटन क्षेत्रको उन्नति र प्रवर्द्धनका लागि कोसेढुंगा साबित हुने विश्वाससहित हामीले गृहकार्य थालेका छौं, सफल बनाउँछौं,' प्रमुख आचार्यले भने ।

उनले नेपालको पर्यटकीय राजधानीका रूपमा रहेको पोखरालाई उत्कृष्ट गन्तव्य बनाउनका लागि विभिन्न पर्यटकीय गतिविधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्यलाई प्राथमिकता दिएको बताए । 'पोखराको पर्यटनलाई साँचो अर्थमा नयाँ उचाइमा पुऱ्याउनका लागि सबै पक्षको समन्वय र दीर्घकालीन दृष्टिकोण अपनाउनु पर्छ,' आचार्यले भने । उनले मित्रराष्ट्र चीनले आफ्ना नागरिकका लागि नेपाल भ्रमण वर्ष २०२५ घोषणा गरेको र यसले नेपालको पर्यटन प्रवर्द्धनमा ऐतिहासिक भूमिका खेल्ने विश्वास व्यक्त गरे । 'यो कदमले नेपाल र चीनबीचको मित्रता अझ सुमधुर बनाउनाका साथै पोखरालगायत नेपालको पर्यटकीय गन्तव्यलाई विश्वव्यापीरूपमा चिनाउने अवसर प्रदान गरेको छ ।'

नेपाल भ्रमण वर्ष २०२५ र चिनियाँ नयाँ वर्षका अवसरमा ठमेल र भक्तपुरमा आयोजना गरिएका सांस्कृतिक महोत्सवहरूले नेपालको सांस्कृतिक विविधता, परम्परा र पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ । पोखरा महानगरपालिकाका पर्यटन तथा सहरी विकास महाशाखा प्रमुख विमल रञ्जन कार्कीले पोखरा महानगरले वर्ष २०२५ लाई विशेष पर्यटन वर्षका रूपमा सफल बनाउन विभिन्न योजना समेटेको बताए । उनका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रमुख देशहरूमा नियमित उडान सुरु गर्ने, पर्यटन विविधीकरणका लागि साहसिक पर्यटनसँगै सांस्कृतिक, ग्रामीण र पर्यावरणीय पर्यटनलाई प्राथमिकता दिने तथा स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा आधारित योजनाहरू लागू गरेर उनीहरूको आर्थिक स्थिति सुधार गर्ने उद्देश्य रहेको छ । साथै, डिजिटल माध्यमबाट अन्तर र्राष्ट्रियस्तरमा पोखराको प्रचारप्रसार गर्दै पर्यटकलाई अविष्मरणीय अनुभव प्रदान गर्ने 'लाइफटाइम एक्सपिरियन्स' दिने नयाँ कार्यक्रमहरू सञ्चालन गरिने छ ।

महानगरले यो घोषणापश्चात् १५ लाख पर्यटक भित्र्याउने महत्त्वाकांक्षी योजना अघि सारेको कार्कीले जानकारी दिए । 'यस योजनामा पर्यटन, पूर्वाधार विकास, वातावरणीय दिगोपन, र सामुदायिक उत्थानलाई प्राथमिकता दिइएको छ,' कार्कीले भने, 'निजी क्षेत्रसँग सहकार्य गर्दै वर्षभरि पोखरालाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने लक्ष्य महानगरले राखेको छ ।' प्रत्येक वडामा कम्तीमा एक पर्यटकीय गन्तव्य विकास गरी तालदेखि ताल, गुफादेखि गुफा, हाइकिङ मार्ग निर्माण गरिने छ । विशेष परियोजनाअन्तर्गत अन्तर र्राष्ट्रिय सम्मेलन केन्द्रको निर्माण, डेभिज फल्समा ग्लास ब्रिज, सेती नदी खोँचमा पर्यटक पूर्वाधारको विकास, फोहोर व्यवस्थापन केन्द्र निर्माण गरिने भएको छ । फेवाताल, सराङकोट, र अन्नपूर्ण परिपथजस्ता गन्तव्यहरूलाई थप प्रवर्द्धन गर्नाका साथै नयाँ पारिस्थितिक पर्यटन पहल, सांस्कृतिक पर्यटन कार्यक्रम र समुदाय-आधारित परियोजनामार्फत पर्यटकलाई विविध अनुभव प्रदान गर्ने प्रयास पनि भइरहेको छ ।

त्यसैगरी, प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पदामा आधारित पर्यटन कार्यक्रम सञ्चालन गर्नाका साथै मुक्तिनाथ प्रवेशद्वार निर्माण, फेवातालमा बाँध निर्माण, कोत्रेमझुवामा बहुउद्देश्यीय प्रवेश पार्क, फेवातालको माथिल्लो भागमा फेवाबीच विकास, रत्न मन्दिरलाई दरबार संग्रहालयका रूपमा पुनर्निर्माण, हेरिटेज ट्रेल र मेट्रो ट्याक्सी सेवाजस्ता पूर्वाधार विकास योजनाहरू कार्यान्वयन गरिने जनाइएको छ । एसियाली विकास बैंक (एडिबी) को आर्थिक सहयोगमा पोखराको पर्यटन विकास र स्थानीय जीविकोपार्जन सुधारका लागि विभिन्न परियोजनाहरू अहिले सञ्चालित रहेको पोखराको पर्यटन सुधार परियोजनाहरूबाट काम सुरुआत भएका छन् । एडिबीबाट सहरी उत्थानशील तथा जीवनयापन सुधार आयोजनाका लागि ३१.७९ मिलियन डलर आर्थिक सहयोग गरेको आयोजनाका म्यानेजर इञ्जिनियर कविता पौडेलले जानकारी दिइन् ।

पोखरा पर्यटन परिषद्का वरिष्ठ उपाध्यक्ष हरि भुजेलले पोखरा महानगरपालिकाले घोषणा तयारी गरेको पोखरा भ्रमण वर्षले पर्यटन क्षेत्रको विकास र पोखराको विश्वव्यापी पहिचानका लागि महत्त्वपूर्ण अवसरका रूपमा लिन सकिने बताए । उनले हालै मात्र सम्पन्न ड्रागन बोट रेस प्रतियोगिता, सडक महोत्सव, हट एयर बेलुन महोत्सवजस्ता जल, जमिन र आकाश लक्षित महोत्सवहरूले अन्तर्राष्ट्रियजगत्मा पोखरालाई चिनाउन थप सहयोग पुऱ्याएको बताए । भ्रमण वर्षका लागि पनि साहसिक पर्यटन, ग्रामीण पर्यटन र सांस्कृतिक पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने उनको सुझाव छ ।

पोखरा महानगर सहरी योजना आयोगका पूर्वउपाध्यक्ष तथा पर्यटन रणनीतिका योजनाकार डा. रामचन्द्र लामिछाने भ्रमण वर्ष घोषणा मात्र नगरी यसको लक्ष्य हासिल हुनेगरी काम गर्नुपर्ने बताउँछन् । 'पोखरा भ्रमण वर्ष घोषणा गरेरमात्र पर्यटक आउँदैनन्, रणनीतिक योजनासहितका कार्यक्रम र पूर्वाधार विकासमा ध्यान दिनुपर्छ । उनले घोषणालाई व्यवहारमा उतार्नका लागि स्पष्ट रणनीति र दृढ इच्छाशक्ति हुनुपर्ने आवश्यकता औंल्याए ।

पोखरालाई अन्तर्राष्ट्रियस्तरको गन्तव्यका रूपमा स्थापित गर्न यातायात, होटल, गाइड, सुरक्षा, हस्पिटालिटी र स्थानीय समुदायको सशक्त सहभागिता सुनिश्चित गर्नुपर्छ । पोखराको पर्यटनलाई दिगो र समृद्ध बनाउन स्थानीय समुदायको सक्रिय सहभागिता, पर्यावरणीय संरक्षण र उत्कृष्ट पूर्वाधार विकास अनिवार्य हुन्छ । साथै, पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय उडान सञ्जालको प्रवर्द्धन र पर्यटन कार्यक्रमहरूको विविधताजस्ता पक्षहरूलाई प्राथमिकतामा राख्नुपर्ने सरोकारवालाहरूको भनाइ छ । *रासस*

# शितलहरबाट समस्यामा मुसहर परिवार



**बरहथवा (सर्लाही)–** चिसो र शितलहरको जोखिममा यहाँका विपन्न दलित मुसहर परिवार परेका छन् । अत्यधिक चिसोले मुसहर परिवार केही दिनयता समस्यामा परेका हुन् ।

बसवरिया गाउँपालिका-३ नाकैमा अन्तर्गतको मुसहर माझीबस्ती छ । उक्त बस्तीमा झण्डै ४५ परिवार मुसहर जसोतसो खरको झुपडीमा जीवन धानिरहेका छन् । अन्य समयमा अवस्था सामान्य भए पनि बर्सात्को डुबान र हिउँदको ठण्डीले उनीहरूलाई निकै पिरोल्छ । यस बस्तीका बालबालिका र वृद्धवृद्धा निकै सकसपूर्ण जीवन बिताइरहेका छन् । सोही बस्तीमा १० दिनकी सुत्केरी जोनिता माझी अत्यन्त कष्टले दिनरात काटिरहेकी भेटिइन् । चिसो दिन प्रतिदिन बढ्दै जाँदा नवजात शिशु र आफूलाई लगाउने न्यानो कपडासमेत नभएको उनले गुनासो गरिन् । खरले छाएको मुस्किलले चारजना टुसुक्क बस्न मिल्ने ठाउँमा पराल ओच्छ्याएर उनले बिस्तरा बनाएकी छन् । त्यसैमा उनको १० दिनको शिशु पनि सुताएकी छन् ।

दैनिक ज्याला मजदुरी गर्नुपर्ने परिवार चिसोका कारण बाहिर निस्कनसमेत नपाएका कारण दुई छाकको जोहोसमेत गर्न समस्या परेको उनकी सासु जितनी देवी माझीले बताइन् । 'भुइँको चिसो पनि आउँछ,' सुत्केरी माझीले भनिन्, 'माथिबाट शित चुहिरहन्छ । ओड्ने कुरा पनि राम्रो छैन । बाँसको टाटीको प्वालबाट छिरेको चिसो स्याँठले मुटु छेडेर जान्छ ।'

जोनिताजस्तै सोही बस्तीकी २१ वर्षीया पुनीता माझीले पनि गत कात्तिकमा तेस्रो सन्तानको रूपमा छोरीलाई जन्म दिइन् । सुरुमा चिसो कम हुँदा जसोतसो दिन रात कटाएकी उनलाई शितलहर सुरु भएपछि भने समस्या भएको बताइन् । चिसोले रातभरि शिशु रोएर नसुत्ने उनले दुखेसो पोखिन् । चिसोका कारण आफू पनि निकै पटक बिरामी परिसकेको उनको भनाइ थियो ।

पुनिताका श्रीमान् पन्निलाल माझी र ससुरा हरिन्द्र माझी पनि मजदुरीका लागि पञ्जाव पुगेका छन् । श्रीमान्ले कमाएर ल्याउलान् र मिठो मसिनो खाने तथा बालबच्चा र आफूसमेतले न्यानो कपडा लगाउने आशमा रहेको पुनिताले बताइन् । कमाइ जम्मा भएपछि पठाउँछु भनेर श्रीमान्ले भनेको उनले सुनाइन् । सुत्ने ओछ्यान नजिकै बालेको घुर हेरेर रात कटाउने गरेको उनको दुखेसो छ । बस्तीकै अर्को कुनामा रहेको सानो बासको टाँटी र खरको मुस्किलले भित्र छिर्न मिल्ने छाप्रोमा २० वर्षकी विना माझी महिना दिनको छोरा च्यापेर बसिरहेकी छन् । 'भुइँमा राख्यो कि चिसोले बच्चा रोइहाल्छ,' उनले भनिन्, 'छातीमा च्यापी राख्यो भने न्यानो हुन्छ क्यार रुँदैन ।' मंसिर अन्तिममा जन्मिएको छोराले पेटभरि दूधसमेत खान नपाएको उनले गुनासो गरिन् ।

चिसो बढेकाले परिवारको अन्य सदस्य मजदुरीमा जान नसक्दा आफूसमेतले कैयन रात भोकै बस्नुपरेको भन्दै शिशुलाई खुवाउन दूध नआएको उनले सुनाइन् । विनाका श्रीमान् पनि पञ्जाबमा उखु काट्ने मजदुरको काम गरिरहेका छन् । सिजन सकिएपछि घर आउने उनको तयारी रहेको विनाले बताइन् । तर, आफू र शिशुलाई चिसोले धेरै सताइरहेको उनी गुनासो गर्छिन् । यस बस्तीमा चिसो सुरु भएपछि बच्चा जन्माएका अन्य आमा र शिशुको अवस्था उस्तै छ । न्यानो कपडा त परको कुरा, दैनिक छाकको जोहोसमेत गर्न सबैको मुस्किल छ । अधिकांश परिवारका पुरुष कृषि मजदुरी गर्न भारतको पञ्जाब गएका छन् । उनीहरू तीनदेखि चार महिनाको अन्तरमा केही कमाएर घर फर्कने गरेका बसवरिया गाउँपालिका-३ की वडासदस्य सीतादेवी माझीले बताइन् ।

त्यति बेलासम्म परिवारले भोकै प्यासै बस्नुपर्ने बस्तीको बाध्यता रहेको उनले बताइन् । विपन्न परिवारका उनीहरूलाई सरसापटसमेत कसैले नपत्याउने भएकाले बनिबुतो यस बस्तीको एकमात्र जीवन धान्ने आधार रहेको वडासदस्य सीतादेवीको भनाइ छ । वर्षामा पानीमा डुब्नु र हिउँदमा चिसोले कठ्यांग्रिनु यस बस्तीको नियमित नियति रहेको उनले सुनाइन् ।

बस्तीका अन्य परिवारले पनि दिन रात घुर तापेर चिसो छल्ने प्रयास गरिरहेको बताएका छन् । व्यवस्थित बस्ने बाससमेत नभएका आफूहरूका लागि जाडो काल बनेर आउने गरेको स्थानीय मनवादेवी माझीले दुखेसो पोखिन् । गत वर्ष जाडोमा केही सामाजिक संघ संस्थाले दिएका न्यानो कपडाको भरमा जाडो छलिरहेको उनको भनाइ थियो । 'पहिला पाएको केही ओढ्नेले यस वर्ष पनि चिसो छेक्दै छु' उनले भनिन्, 'यसपटक पाएको छैन, चिसो धेरै भयो भने निन्द्रा लाग्दैन । रातभरि आगो तापेर जागै बस्छु ।'

स्थानीय पालिकाले विपन्नलाई राहत दिँदा सम्पन्नले पनि माग्ने भन्दै नदिने गरेका लक्ष्मुनिया देवीको भनाइ छ । गाउँ पालिकामा माग्न जाँदा भएकाले पनि माग्छन्, तिमीलाई कसरी दिनु भनेर त्यसै फर्काउने गरेको उनको गुनासो छ । आफू सबै ठाउँबाट चपेटामा परेको भन्दै विपन्न मुसहर परिवारले कष्टपूर्ण तरिकाले चिसोको करहबाट बाच्ने उपाय गरिरहेको उनले बताइन् ।

यता गाउँपालिकाले विगतमा राहतको व्यवस्था गरेको भए पनि यसपटक केही ढिला भएको पालिका अध्यक्ष रामसिंहासन रायले जानकारी दिए । मुसहर परिवारको अवस्था दयनीय रहेको कुरा जानकारी नआएको भन्दै अध्यक्ष रायले त्यस्तो अवस्था भए बुझेर राहत प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । विपन्नका लागि ल्याएको योजनामा विपक्षी र सम्पन्नले काम नै गर्न नदिने गरेको उनको गुनासो थियो ।

'यस गाउँका पाँच परिवारको घर गत चैतमा आगोले जलेर नष्ट भयो,' उनले भने, 'हामीले सिफारिस गरेर पठायौं । पछि राजनीति गरेर अनेक गरेपछि उनीहरूसमेतले जिल्ला विपद्मार्फत पाउने घर बनाउने पैसा पाएको छैन । सुरुमा पालिकाले १०/१० हजार नगद र केही खाद्यान्न दिएका थियो ।' मधेसमा काम गर्न नदिने र गरेन भनेर बदनाम गर्ने प्रवृत्ति व्यापक बनेको उनले बताए । *रासस*


## Shuklaphanta Municipality
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh**
**Office of Municipal Executive**

## Invitation for Bids

**(Second Date of Publication:** 2081/10/13(2025/1/26 ] )

| Contract ID | Project Description | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening | Remarks |
|---|---|---|---|---|---|
| SMP/081-82/NCB/GOODS/28 | Procurement and Installment of Health Equipments in Shuklaphanta Municipality | 143,500.00 | 2081/11/13 (2025-Feb-25) 12:00 PM | 2081/11/13 (2025-Feb-25) 1:00 PM | Technical Specififctaion is attached at the bottom of document. |

| Cost of bidding document : Rs.3000 should be deposited at: | Bid Bond Security amount should be deposited at: |
|---|---|
| ✓ Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>✓ Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>✓ Office Account No.: 05910106200002<br>✓ Revenue Code:14529 | ✓ Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur<br>✓ Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>✓ Office Account No.: 05910106200016 |

प्रभाव दैनिक





## नेपाल आइपुगे राजवल्लभ

प्रदर्शन तयारीमा रहेको फिल्म 'एक्टर : टेक वन' प्रवर्द्धनको लागि अभिनेता राजवल्लभ कोइराला अमेरिकादेखि नेपाल आइपुगेका छन् । शनिबार अपरान्ह उनी काठमाडौं विमानस्थलमा अवतरण गरे । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई को-एक्टर प्रदीप खड्कासहित फिल्म निर्देशक र निर्माताले स्वागत गरे । विमानस्थलमा मिडियासँग कुरा गर्दै उनले अभिनय, नेपाली फिल्म क्षेत्रमा आएको परिवर्तन, को-एक्टरहरू र आगामी समयको बारेमा कुरा गरे ।





# काठमाडौंमा दक्षिण एसियाली कला प्रदर्शनी सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाली महिला कलाकारको नारीवादसम्बन्धी वृहत् कला प्रदर्शनी शनिबारदेखि सुरु भएको छ। 'फेमिनिस्ट फ्युचरः आर्ट, एक्टिभिजम एण्ड साउथ एशियन वुमनहुड' शीर्षकको प्रदर्शनीले दक्षिण एशियामा नारीवाद, कला र सक्रियताका जटिल पक्ष उजागर गर्ने प्रदर्शनीका परिकल्पनाकार डा अर्शिया लोखन्डवालाले बताइन् ।

तारागाउँ नेक्स्टको आयोजना र सराफ फाउन्डेसनको सहकार्यमा बौद्धस्थित तारागाँउ सांस्कृतिक केन्द्रमा सुरु प्रदर्शनी तीन महिनासम्म अवलोकन गर्न पाइने छ । प्रदर्शनीमा दक्षिण एसियाका १० जना महिला कलाकारका सृजना राखिएको छ । प्रदर्शनीले पितृसत्तात्मक संरचना, परम्परागत सोच र लैङ्गिक राजनीति जस्ता विषय सम्बोधन गर्ने डा लोखन्डावाका भनाइ छ । प्रदर्शनीमा भारतका चार, नेपालका तीन र श्रीलङ्का, पाकिस्तान र बङ्गलादेशका एक/एक कलाकारका सृजना राखिएका छन् ।

भारतीय कलाकारहरू अनिता दुबे, मिथु सेन, शेबा छाच्छी र पुष्पमाला, नेपाली कलाकार अश्मिना रञ्जित, विधाता केसी र उमा विष्टसँगै श्रीलङ्काकी अनोली पेरेरा, पाकिस्तानकी नाइजा खान र बङ्गलादेशकी तायबा बेगम लिपीले आफ्ना सृजना प्रदर्शनीमा राखेका छन् । कलाकारहरूले कलामार्फत पारम्परिक लैङ्गिक भूमिकालाई चुनौती दिँदै महिलाको स्वायत्तता र सामाजिक संरचनाहरूको प्रभाव उजागरको प्रयास गर्ने जनाइएको छ ।

नेपालको महिला अधिकारसँग सम्बन्धित मुद्दालाई दक्षिण एशियाली देशका महिला अधिकारका विषयसँग सम्बन्धित संघर्षसँग जोड्ने प्रयास स्वरूप प्रदर्शनी आयोजना गरिएको सराफ फाउन्डेशन तथा तारागाउँ नेक्स्टकी संस्थापक निर्देशक नमिता साराफको भनाइ छ। प्रदर्शनीको पहिलो दिन अश्मिना रञ्जितको 'सीता द आइडियल वाइफ २०२५' मञ्चन गरिएको थियो । प्रस्तुतिले ब्राह्मण पितृसत्ताले महिलालाई कसरी गाँजेर राखेको छ भन्ने सन्देश दिन खोजिएको रञ्जितको भनाइ छ । उनले महिलाको अधिकार र स्वतन्त्रता खोस्ने परम्पराअनुसारको विवाहमा गरिने 'कन्यादान' प्रथाको आलोचना गरेकी छिन् । लैङ्गिकताको कुरा बुझ्नका लागि जात व्यवस्थाबारे बुझ्न आवश्यक रहेको प्रदर्शनीमा सहभागी लेखक तथा अभियन्ता सरिता परियारले बताइन् ।

प्रदर्शनीमा विभिन्न समकालीन मुद्दाहरूलाई अन्वेषण गर्ने सृजना समेत समावेश छन् । पुष्पमाला एनको 'अभेगा- द प्यासन २०१२' ले रामायणका महिलाका पात्रहरूको पारम्परिक चित्रणलाई चुनौती दिँदै उनीहरूको सशक्त पक्षबारे उजागर गर्ने जनाइएको छ ।

त्यस्तै, तैयबा बेगम लिपीले आफ्ना सृजनामा विवाहको जटिलता र हिंसात्मक प्रवृत्तिलाई चित्रित गरेका छन् । उमा विष्टले छाउपडी प्रथाको आलोचना गर्दै नेपाली महिलाका संघर्षलाई प्रस्तुत गरेकी छिन् । प्रदर्शनी अवलोकनका लागि विद्यार्थीका लागि रु दुई सय तोकिएको छ भने अन्य अवलोकनकर्ताले रु तीन सय तिर्नुपर्ने छ ।

# निशासहित 'प्ले इट वन'को टिम चलचित्र निर्माणमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** वन टू थ्री स्टुडियोज् प्रा.लि.को ब्यानरमा बन्ने नयाँ नेपाली चलचित्र 'माया प्रीति' घोषणा गरिएको छ । रोमान्टिक कमेडी श्रेणीमा आधारित यो चलचित्रलाई अवि श्रेष्ठले निर्देशन गर्नेछन् । चलचित्रका कार्यकारी निर्मातामा चर्चित अभिनेत्री निशा अधिकारी र सन्तोष कुमार कार्की छन् भने चलचित्रको क्रिएटिभ निर्देशक प्रणव जोशी रहनेछन् ।

'माया प्रीति'को निर्माण टोली नेपाल टेलिभिजनको अत्यधिक लोकप्रिय शो 'प्ले इट अन'मा पाँच वर्षसम्म लगातार काम गरेको अनुभवी समूह हो । यस चलचित्रको लागि शो का प्रस्तोताहरू अभी श्रेष्ठ र निशा अधिकारी, सहायक कार्यक्रम निर्माता सन्तोष कुमार कार्की र क्रिएटिभ निर्देशक प्रणव जोशी पुनः जुटेका हुन् । निर्देशक अवि श्रेष्ठका अनुसार यो नयाँ युगको प्रेम कथा हो, जसले सहज वा असहज परिस्थितिमा पनि प्रेमको मूल्यलाई एकसमान राख्छ । 'सहज परिस्थितिमा त जसले पनि प्रेम गर्न सक्छ, तर यो कथा त्यस्ता पात्रको हो, जसले असहज परिस्थितिमा पनि सहजताका साथ प्रेमलाई बचाउँछ,' श्रेष्ठले चलचित्रको कथाबारे बताए ।

यस चलचित्रबाट निर्देशनमा डेब्यू गर्न लागेका श्रेष्ठले हलिउडको प्रसिद्ध टेलिभिजन च्यानल एचबिओमा काम गरेका थिए । उनले अन्य विभिन्न अन्तर्राष्ट्रिय परियोजनामा पनि काम गरेका छन् ।

प्रणव जोशी चर्चित चलचित्र 'रेशम फिलिली'का निर्देशक हुन्, जो यस पटक 'माया प्रीति'का क्रिएटिभ निर्देशकका रूपमा रहनेछन् । उनी एक कुशल एआइ कलाकार पनि हुन् । अभिनय यात्रामा थुप्रै हिट चलचित्रमा काम गरेकी लोकप्रिय अभिनेत्री निशा अधिकारी यस चलचित्रमा कार्यकारी निर्माताको रूपमा रहेकी छन् । त्यस्तै, कार्यकारी निर्माताको रूपमा नै फोटोग्राफी र अभिनयको क्षेत्रमा परिचित सन्तोष कुमार कार्की रहेका छन् । 'माया प्रीति' मार्फत चलचित्र निर्माण सुरु गरेको वन टू थ्री स्टुडियोजले आगामी दिनमा लगातार अन्य चलचित्र निर्माण गर्ने तयारी गरिरहेको छ ।



**प्रधानमन्त्री कप क्रिकेट**

# सुदूरपश्चिमलाई हराउँदै एपिएफ बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**फाप्ला (कैलाली)–** धनगढीमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय टि-२० क्रिकेट प्रतियोगीताको उपाधि एपिएफ क्लबले जितेको छ । शनिबार सम्पन्न फाइनल खेलमा घरेलु टोली सुदूरपश्चिम प्रदेशमाथि नौ विकेटको जित निकाल्दै एपिएफले उपाधि हात पारेको हो ।

योसँगै एपिएफले लगातार दोस्रोपटक उपाधि जितेको हो । उपाधिसँगै एपिएफले रु पाँच लाख पुरस्कार पाएको छभने सुदूरपश्चिम उपविजेता हुँदै रु तीन लाख हात पाऱ्यो । जितका लागि पाएको ६८ रनको विजयी लक्ष्य एपिएफले १२ दशमलव पाँच ओभरमा एक विकेटको क्षतिमा पूरा गऱ्यो । एपिएफका ममता चौधरीले अविजित ४३, कप्तान इन्दु बर्मा नटआउट १८ रन जोडिन् ।

यसअघि फाप्ला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिम १८ दशमलव एक ओभरमा ६७ रनमा समेटियो । जसमा ममता बोहराले १८ र कप्तान विन्दु रावलले १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । बलिङतर्फ एपिएफका कविता जोशीले तीन, कप्तान इन्दु बर्मा र सवनम राईले दुई/दुई विकेट हात पारे । कविता 'प्लेयर अफ द म्याच' चुनिएका छिन् । यसैबीच प्रतियोगिताभर व्यक्तिगत एक सय ७२ रन र पाँच विकेट हात पारेकी एपिएफकी कप्तान बर्मा 'प्लेयर अफ द सिरिज' भएकी हुन् ।

एपिएफका लागि दुई सय नौ रन बनाएकी ममता चौधरी वेस्ट ब्याटर र बागमतीका लागि १० विकेट हात पारेकी मनिषा उपाध्याय बेस्ट बलर हुन सफल भइन् । प्लेयर अफ द सिरिजले रु ५० हजार, वेस्ट ब्याटर र वेस्ट बलरलाई रु २५/२५ हजार पुरस्कार पाएका छन् । यही माघ १ गतेदेखि सुरू भएको प्रतियोगितामा १२ टोलीको सहभागिता थियो । राष्ट्रिय खेलकुद परिषद्को कार्यक्रमअनुसार नेपाल क्रिकेट संघको आयोजना र सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको व्यवस्थापनमा प्रतियोगिता सञ्चालन भएको हो ।

फाइनल खेलपछि आयोजित समारोहमा नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्द, उपाध्यक्ष रोशन सिंह, सुदूरपश्चिम खेलकुद परिषद्का सदस्यसचिव दीपकबहादुर सिंह, सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका अध्यक्ष वासुदेव जोशीलगायत खेलाडीहरूको उपस्थिति थियो ।

**सूर्य नेपाल वेस्टर्न ओपन**

# प्रो-एमको उपाधि प्रो सञ्जयको टिमलाई




■ प्रभाव संवाददाता

**पोखरा–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गतको चौथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपन अन्तर्गत प्रो-एमको उपाधि प्रो सञ्जय लामाको टिमले जितेको छ । कुल १४८ स्कोर जोड्दै सञ्जयको टिम पहिलो भएको हो । प्रो सञ्जयले ३४, युवा एमेच्योर ड्यानियल बानियाँले ३९, दिप्सन लामा र मनीष शेरचनलले समान ३६ स्कोर गरे ।

प्रो जयराम श्रेष्ठको टिम कुल १३५ स्कोरका साथ दोस्रो भयो । जयरामले ३५, एमेच्योर लिलाजङ्ग गुरूङले ३४ तथा श्याम तामाङ र विश्व गुरूङले समान ३३ स्कोर गरे । प्रो भुवन नगरकोटीको टिम १३० स्कोरमा तेस्रो भयो । भुवनले ३४ स्कोर गर्दा एमेच्योर खेलाडीहरू राजेन्द्र गौचन, बलराम थापा र राजु थकालीले समान ३२/३२ अंक जोडे ।

महिलातर्फको उत्कृष्ट कार्ड गीता गुरूङले बनाइन् । उनले ३० स्कोर गरिन् । लङगेस्ट ड्राइभको उपाधि पेम्बा शेर्पा र क्लोजेस्ट टु दी पिनको उपाधि बलराम थापाले जिते । प्रो-एम इभेन्टमा शनिबार २० प्रोफेसनल गल्फरसहित कुल ९० खेलाडीले भाग लिएका थिए । विजयी खेलाडीहरूलाई नेपाल गल्फ संघका वरिष्ठ उपाध्यक्ष पवित्रकुमार कार्की, हिमालयन गल्फ कोर्सका निर्देशक किरण केसी, गण्डकी प्रदेश गल्फ संघका अध्यक्ष इन्द्रधारा विष्ट र कास्की गल्फ संघका अध्यक्ष जिवाराम गुरूङले पुरस्कार प्रदान गरे ।

शुक्रबार सम्पन्न भएको सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि नीरज तामाङले जिते । ५४-होलको प्रतियोगितामा नीरजले १-अन्डर २०६ सहित उपाधि हात पारेका हुन् । २-ओभर २०९ सहित जयराम श्रेष्ठ दोस्रो तथा ३-ओभर २१० स्कोरमा भुवनकुमार रोक्का तेस्रो भए । कूल २ लाख ८८ हजार पुरस्कार राशि रहेको प्रतियोगितामा ३४ प्रो र १८ एमेच्योर खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए ।

# हुथी विद्रोहीद्वारा यमनका १५३ कैदी रिहा : आइसिआरसी

**साना, यमन–** यमनका हुथी विद्रोहीले शनिबार १५३ जना 'द्वन्द्वसँग सम्बन्धित' कैदीलाई रिहा गरेको रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी)ले जनाएको छ।

सन् २०१४ मा इरान समर्थित हुथी विद्रोहीले कब्जा गरेको यमनको राजधानी सानामा ती कैदीलाई रिहा गरिएको हो । कैदीलाई रिहा गरिएको पुष्टि गर्दै यमनस्थित आइसिआरसीका प्रतिनिधिमण्डल प्रमुख क्रिस्टिन सिपोलाले भने, 'यो अभियानले आफ्ना प्रियजनको फिर्तीको व्यग्र प्रतीक्षा गरिरहेका परिवारका लागि अति आवश्यक राहत र आनन्द ल्याएको छ।'

यसैबीच हुथी विद्रोही समितिका प्रमुख अब्दुलकादिर अल मुर्तदाले एक वक्तव्य जारी गर्दै यो पहल मानवीय कारणले एकतर्फी रूपमा गरिएको बताएका छन्। उनले भने, 'रिहा भएकामध्ये अधिकांश बिरामी, घाइते, वृद्धवृद्धालगायत मानवीय सहयोग आवश्यक व्यक्ति हुन्।'

इरान समर्थित हुथी विद्रोहीले विद्रोहीको कब्जामा रहेको क्षेत्रमा कार्यरत संयुक्त राष्ट्रसंघका सातजना सैनिकलाई बिहीबार हिरासतमा लिएपछि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले विरोध जनाएका थिए । गुटेर्रेसले यमनमा रहेका संयुक्त राष्ट्रसंघका सबै कर्मचारीलाई तत्काल र विनासर्त रिहा गर्न माग गर्दै जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'उनीहरूलाई हिरासतमा राखिनु राष्ट्रसंघका लागि अस्वीकार्य छ।'

हुथी विद्रोहीले संयुक्त राष्ट्रसंघ र अन्य मानवीय संस्थाका दर्जनौं कर्मचारीलाई अमेरिकी-इजरायली जासुसी गिरोहको आरोपमा गत वर्षको मध्यदेखि नै हिरासतमा लिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हुथी विद्रोहीलाई विदेशी आतंकवादी संगठनको सूचीमा फर्काउने कार्यकारी आदेशमा हस्ताक्षर गरेपछि पनि शनिबारको रिहाइ भएको हो।

हुथी विद्रोहीलाई पुनः सूचीकृत गर्दा यमनमा कार्यरत संयुक्त राष्ट्रसंघीय निकाय र अमेरिकी अनुदान प्राप्त गर्ने अन्य गैरसरकारी संस्थाहरूको पुनरावलोकन हुने बुधबार हस्ताक्षर गरिएको आदेशमा उल्लेख छ। एक दशक लामो युद्धले यमनलाई विश्वकै सबैभन्दा खराब मानवीय संकटमा फसाएको छ र एक करोड ८० लाख मानिसलाई सहायता र सुरक्षाको खाँचो रहेको संयुक्त राष्ट्रसंघले जनाएको छ।

गत मे महिनामा हुथी विद्रोहीले ११३ जना कैदीलाई एकतर्फी रूपमा रिहा गरेका थिए। अप्रिल २०२३ मा विद्रोही र यमन सरकारले करिब एक हजार युद्धबन्दीको आदानप्रदान गरेका थिए । आइसिआरसीले कैदीहरूलाई रिहा गर्नुअघि रिहाइपूर्व अन्तर्वार्ता र स्वास्थ्य परीक्षण गरेको र उनीहरूलाई घर फर्कने व्यवस्था मिलाउन सहयोग गरेको बताएको छ।

सन् २०१४ को सेप्टेम्बरमा हुथी विद्रोहीले सानामाथि कब्जा जमाएपछि सन् २०१५ को मार्चमा साउदी अरबको नेतृत्वमा हुथीविरूद्ध हस्तक्षेप भएको थियो र यसले प्रत्यक्ष र अप्रत्यक्षगरी लाखौं मानिसको ज्यान लिइसकेको छ । सन् २०२२ मा संयुक्त राष्ट्रसंघको मध्यस्थतामा भएको युद्धविरामले युद्धमा निकै कमी आएको छ । तर विद्रोहीहरूले गाजा युद्धको समयमा इजरायल र 'रेड सी'को पानीजहाजमा आक्रमण गरी हमासको इजरायलविरोधी आक्रमणलाई सघाएका थिए। बदलामा अमेरिका, इजरायल र बेलायती सेनाले हुथीविरूद्ध आक्रमण गरेका थिए। *रासस/एएफपी*

# अमेरिकासँग व्यापार युद्ध हुँदैन : मेक्सिको




**मेक्सिको सिटी, मेक्सिको–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मेक्सिकोसँगको व्यापारका विषयमा दिएको टिप्पणीपछि मेक्सिकोकी राष्ट्रपति क्लाउडिया शेनबामले अमेरिकासँग कुनै व्यापार युद्ध नहुने बताएकी छन्।

शेनबामले नियमित पत्रकार सम्मेलनमा भनिन्, 'म व्यापार युद्ध देख्दिनँ। अमेरिकी राष्ट्रपतिले हिजो मेक्सिकोको बारेमा फरक तरिकाले बोल्नुभएको थियो।' विश्व आर्थिक मञ्च (डाभोस)मा बिहीबार एक प्रश्नको जवाफ दिँदै ट्रम्पले भनेका थिए, 'हामी मेक्सिकोसँग राम्रो व्यवहार गरिरहेका छौं। हामी न्यायोचित व्यवहार गर्न चाहन्छौं।'

यसअघि, अमेरिकी राष्ट्रपति ट्रम्पले फेब्रुअरी १ देखि मेक्सिकाबाट हुने आयातमा २५ प्रतिशत कर लगाउने चेतावनी दिएका थिए।

शेनबामले वासिङ्टनसँगको सहकार्यलाई मजबुत बनाउन र फेन्टानिलको वितरण र आप्रवासनजस्ता केही प्राथमिकताका विषयमा ट्रम्पसँग मिलेर काम गर्ने इच्छा पनि व्यक्त गरिन्। ट्रम्पले पदभार ग्रहण गरेदेखि नै सामूहिक निर्वासनमार्फत आप्रवासी विरोधी उपायहरूलाई बलियो बनाउन विभिन्न कार्यकारी आदेशहरूमा हस्ताक्षर गरेका छन्।

यसको जवाफमा, मेक्सिको सरकारले सीमामा आप्रवासी नियन्त्रण केन्द्रहरू स्थापना गऱ्यो र निर्वासितहरूको लागि व्यापक निगरानी राख्न 'मेक्सिकोले अमेरिकी अधिकारीसँग काँधमा काँध मिलाएर अघि बढ्न' कार्यक्रमको घोषणा गरेको छ। *रासस/एएफपी*

# युक्रेनको विषयमा वार्ताका लागि रुस तयार



**मस्को–** रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनबारे वार्ताका लागि मस्को तयार रहेको बताएका छन् । नेता पुटिनले भने, 'हामीले जहिले पनि यो कुरा भन्दै आएका छौं र म फेरि एकपटक यसमा जोड दिन चाहन्छु, हामी युक्रेनी विषयमा वार्ताका लागि तयार छौं।'

राष्ट्रपति पुटिनले केही विषयमा विशेष ध्यान दिन आवश्यक रहेको बताउँदै भने, 'प्रतिबन्धित भइसकेको अवस्थामा अब वार्ता कसरी सुरु गर्न सकिन्छ ?' वार्ताका लागि पहिले प्रतिबन्ध खुकुलो पार्नु आवश्यक रहेको उनले बताए।

'यदि वार्ता पुनः सुरु भयो भने युक्रेनको वर्तमान कानुनी ढाँचाअन्तर्गत यो अवैध हुने छ,' उनले भने, 'जबसम्म यो आदेश जारी रहन्छ, तबसम्म यी वार्ताहरू सुरु गर्न सकिन्छ कि सकिँदैन ? ती सही तरिकाले पूरा गर्न सकिन्छ भन्ने विश्वास मलाई छैन । त्यसैले वार्ताका लागि वातावरण बनाउन एक चरणको छलफल जरूरी छ।'

उनले भने, 'युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यसअघि रूससँगको वार्तालाई निषेध गर्ने आदेश जारी गर्नुभएको छ। के यो अवस्थामा वार्ता गर्न सम्भव छ ?' उनले केही प्रारम्भिक छलफल हुन सक्ने भए पनि युक्रेनी पक्षबाट विद्यमान प्रतिबन्धका कारण गम्भीर वार्ता गर्न कठिन हुने उल्लेख गरे।

रूसी नेताले जेलेन्स्कीलाई वार्तामा प्रतिबन्ध लगाउने आदेश हटाउन र आफ्ना प्रायोजकहरूको आदेश पालना गर्न कुनै हतार नभएको बताएका छन्। उनले किएभलाई आर्थिक सहयोग गर्नेहरूले युक्रेनी नेतालाई वार्ताको वातावरण तयार पार्न दबाब दिनुपर्ने बताए।

विश्व आर्थिक मञ्च (डब्ल्युइएफ) को डाभोसमा बिहीबार आयोजित वार्षिक बैठकलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र युक्रेनबीच शान्ति सम्झौताका लागि अमेरिकी प्रयास 'आशाजनकरूपमा अघि बढेको' बताएका थिए। *रासस/एएफपी*

## चार इजरायली बन्धक रिहा, बदलामा २०० प्यालेस्टिनी कैदी छुटे

**गाजा सिटी–** प्यालेस्टिनी इस्लामिक लडाकु समूह (हमास)ले शनिबारको कैदी आदानप्रदान कार्यक्रमअन्तर्गत चार जना इजरायली महिला बन्धकलाई रिहा गरेको छ।

बन्धकहरूलाई सुपुर्दगी गरिएको गाजाको एक चोकमा रेडक्रसका चारवटा गाडीमा इजरायलतर्फबाट करिब २०० प्यालेस्टिनीलाई ल्याई उनीहरू र चार इजरायली बन्धक महिलाको आदानप्रदान गरिएको एएफपीका एक संवाददाताले बताएका छन्। इजरायली बन्धक र बेपत्ता परिवार फोरमका अनुसार रिहा हुनेमा करिना एरिभ, डानिएला गिल्बोआ, नामा लेवी र लिरी अल्बाग रहेका छन् । कैदमा रहँदा अल्बाग १९ वर्षका भए भने अन्य सबै २० वर्षभन्दा माथिका इजरायली हुन्।

गाजामा हमाससँग भएको युद्धविराम सम्झौताअन्तर्गत इजरायली जेलमा आजीवन कारावासको सजाय काटिरहेका १२० सहित २०० प्यालेस्टिनी कैदीको बदलामा चार जना इजरायली बन्धक सैनिकलाई मुक्त गरिएको प्यालेस्टिनी स्रोतले जनाएको छ। यस विषयमा विषयमा सार्वजनिकरूपमा बोल्ने अधिकार आफूलाई नभएको बताउँदै नाम नबताउने सर्तमा स्रोतले भन्यो, 'यी कैदीहरूमध्ये १२० जना आजीवन कारावासको सजाय काटिरहेका छन्।' *रासस/एएफपी*

## सुडानको डार्फरस्थित अस्पतालमा ड्रोन आक्रमण, ३० जनाको मृत्यु

**डार्फर–** सुडानको डार्फर क्षेत्रको अल-फशेरमा रहेको अन्तिम अस्पतालमा ड्रोन आक्रमण हुँदा ३० जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका छन् । शुक्रबार साँझ साउदी अस्पतालमा भएको बम विष्फोटले यस क्षेत्रका बिरामीको आकष्मिक उपचार गर्नका लागि उपलब्ध एकमात्र अस्पतालको भवन 'ध्वस्त' पारेको स्रोतले एएफपीलाई बताएको छ। सुडानमा युद्धरत कुन पक्षले आक्रमण गरेको हो भन्ने तत्काल स्पष्ट हुन सकेको छैन।

अप्रिल २०२३ देखि सुडानी सेना अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ)सँग युद्धमा छ । समूहले डार्फरको लगभग सम्पूर्ण विशाल पश्चिमी क्षेत्र कब्जा गरेको छ । उनीहरूले उत्तरी डार्फरराज्यको राजधानी अल-फाशेरलाई गत मेदेखि नै घेराहालेका छन्, तर सेनासमर्थित मिलिसियाले पटक-पटक प्रतिकार गरी उनीहरूलाई पछि धकेलेको थियो र उनीहरूले सहरमा आफ्नो दाबी गर्न सकेका छैनन्। मेडिकल स्रोतका अनुसार सोही भवनमा केही हप्ताअघि आरएसएफको ड्रोनले आक्रमण गरेको थियो।

अल-फाशेरमा स्वास्थ्य सेवामा आक्रमण व्यापक रूपमा भइरहेको छ, जहाँ 'डक्टर्स विदाउट बोर्डर्स'ले यसै महिना साउदी अस्पताल 'शल्य चिकित्सा क्षमता भएको एकमात्र सार्वजनिक अस्पताल भएको' बताएको थियो। सरकारी तथ्यांकअनुसार लडाइँका कारण देशभरका ८० प्रतिशतसम्म स्वास्थ्य संस्था सेवाबाट बञ्चित भएका छन्। *रासस/एएफपी*


# Sannitriveni Rural municipality
## Office of the Rural MunicipalityExecutive
**Mehalmudi, Kalikot**
**Karnali Province, Nepal**

## Invitation For Bids

***First Date of Notice Publication : 2081/10/13 ( January 26, 2025)***

1. Sanni Triveni Rural municipality office Mehalmudi,Kalikot invites electronic Bids From registered Suppliers for the construction of following Project.

| S. N. | Contract Identification Number | Work Description/ Name of Project | Estimate Amount inclusive of VAT & Contingencie (NRs.) | Bid Security amount (NRs.) | Bid Security Validity Period | Bid Purchasing Fees in (NRs.) | Last date of Submission bid Document |
|---|---|---|---|---|---|---|---|
| 1. | STRM/W/NCB/LR RRC/02/2081/082 | Luiyata to Raku Rural Road Construction | 2667100.00 | 74600.00 | 120 Days | 3000 | 2081/11/13 ( February 25, 2025) 12:00PM. |
| 2. | STRM/W/NCB/AD DRRC/03/2081/082 | Aejeru dada to dule Rural Road Construction | 26,77,600.00 | 75000.00 | 120 Days | 3000 | |
| 3. | STRM/W/NCB/KM RRC/04/2081/082 | Kholikhet khola to Malekhola Rural Road Construction . | 22,64,600.00 | 63500.00 | 120 Day | 3000 | |

2. Eligible Suppliers may obtain further information and the bidding document at the office of Sanni Triveni Rural municipality, Office of the Rural Municipality Executive, Mehalmudi, Kalikot, Mobile No:-9848215358 Or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank** : Sanima Bank Branch Office Mehalmudi,Kalikot.
   **Name of Office** : Sanni Triveni Rural municipality Office ,Mehalmudi,Kalikot
   **Office Code No** : 80665506300 Internal Revenue Account no :- 073010040000003 Dharauti Khata no : 073010020000005
4. Pre bid meeting shall be held at Sannitriveni Rural Muinicipality Mehalmudi, Kalikot at 2081/11/06 (February 18, 2025 )
5. Electronic bids must be submitted through e-GP System i.e www.bolpatra.gov.np/egp. On or before 2081/11/13 ( February 25, 2025) 12:00PM Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of bidders representatives who choose to attend at 2081/11/13 ( February 25, 2025) 2:00 PM. at Sanni Triveni Rural municipality ,Office of the Rural Municipality Executive Mehalmudi, Kalikot..
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 073010020000005, Sanni Triveni Rural municipality office on Name of Bank Sanima Bank submit bank deposit voucher along with the bids or Bank guarantee favour of Sanni Triveni Rural municipality office.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations,2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६०६०० | प्रति तोला – ० | प्रति तोला – १८८० |



**चौरी चरन** | डोल्पाको शे–फोक्सुण्डो गाउँपालिका–४ नाम्दो थामवनको चरन क्षेत्रमा चर्दै गरेका चौँरीहरू । हिमाली क्षेत्रमा ढुवानी गर्ने मुख्य यातायातका साधनका रूपमा चौँरीको प्रयोग गर्ने गरेको पाइन्छ ।
*तस्बिर : हेमन्त केसी/रासस*

## 'वर्तमान सरकारपछि अर्थतन्त्रमा सुधार'

■ प्रभाव संवाददाता



**विराटनगर–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वर्तमान सरकार गठन भएपछि अर्थतन्त्रमा सुधार भएको बताएका छन् । मन्त्री पौडेलले उद्योग संगठन मोरङद्वारा यहाँ आयोजित 'विराट एक्स्पो-२०२५' को उद्घाटन गर्दै उक्त कुरा बताएका हुन् ।

हाल बैंकमा तरलता पर्याप्त रहेको र ब्याजदर पनि एकल अङ्कमा आएको उल्लेख गर्दै यसबाट उद्योगीहरूले लाभ लिइरहेको बताए । 'मुलुकमा राजनीतिक स्थायित्व हुँदा अर्थतन्त्रमा देखिएका समस्यमा समाधानमा सहज हुन्छ', उनले भने, 'अहिलेको सरकारका लागि सहज अवस्था छैन, नागरिकका निराशालाई आशामा बदल्ने गरी सरकारले द्रुत गतिमा काम गरिरहेको छ ।'

उनले 'निराशा चिर्ने र आशा सञ्चार गर्ने' दायित्व सरकारकै भएकाले अध्यादेशमार्फत विभिन्न कानुन संशोधनपछि निजी क्षेत्रपनि उत्साहित भएको बताए । त्यस अवसरमा उनले सरकार प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र निर्माणका लागि काम गरिरहेको समेत जानकारी दिए । 'विराटनगर विमानस्थलको स्तरोन्नति गरी अन्तर्राष्ट्रिय विमानस्थल बनाउने, औद्योगिक ग्राम तथा औद्योगिक प्रदर्शनी केन्द्र निर्माण गर्ने र किमाथाङ्का बाटोको विषयमा सरकारले आवश्यक सहयोग गर्नेछ', उनले भने ।

पौडेलले सरकार आर्थिक, सामाजिक, शैक्षिक तथा औद्योगिक क्षेत्रमा देखिएका समस्या समाधान गर्न गम्भीर रहेको उल्लेख गरे । सरकार मुलुकको समृद्धि र सामाजिक न्याय हासिलका लागि प्रतिबद्ध रहेको समेत बताउनुभएको छ ।

मुलुक अप्ठ्यारो अवस्थामा रहेका बेलामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको सहकार्यमा सरकार गठन भएको र यो सरकार सबै समस्या समाधान गर्न तीव्र गतिमा काम गरिरहेको उनको भनाइ थियो ।

त्यस अवसरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशको आर्थिक विकासका निम्ति विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको धारणा राखे । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले निजी क्षेत्रले इमान्दारीपूर्वक राज्यको काममा सहयोग गरिरहेको उल्लेख गर्दै एक्स्पोले निजी क्षेत्रलाई फाइदा पुग्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन एक्स्पो सहयोगी हुनेमा विश्वास व्यक्त गरे । एक्स्पो यही माघ २० गतेसम्म सञ्चालन हुने छ ।

## 'अर्थतन्त्रको विकासमा सबै राजनीतिक दल एक हुनु जरूरी'

**कास्की (प्रस)–** प्रतिनिधिसभा सदस्य एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्लेले राजनीति सङ्लो हुन सके दश वर्षमा मुलुकमा समृद्धि हासिल गर्न सकिनेमा जोड दिएका छन् । तनहुँ सम्पर्क समाज पोखराको आठौँ साधारणसभा तथा अधिवेशनको उद्घाटन गर्दै उनले राजनीतिक दलहरू सुशासन र विकासको अभियान लिएर अगाडि बढेमा मात्रै समृद्धि सम्भव हुने बताए ।

नेपाली जनताले विकास र सुशासन चाहेको बताउँदै उनले राजनीतिक दलका अधिकांश नेताले राजनीतिलाई पेसा बनाएकै कारण विकासले गति लिन नसकेको दाबी गरे । कोरोना महामारीपछि मुलुकको अर्थतन्त्रमा समस्या देखिएको उल्लेख गर्दै अर्थतन्त्रको विकासका लागि सबै राजनीतिक दल एक ठाउँमा आउनुपर्ने आवश्यकता औँल्याए ।

गण्डकी प्रदेश सरकारका पूर्वमन्त्री हरिबहादुर चुमानले मुलुकमा समृद्धि ल्याउनका लागि दलहरू मिल्नुपर्नेमा जोड दिए । गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष श्रीकान्त खतिवडाले केन्द्र सरकार ठूला आयोजनामा केन्द्रित हुन जरुरी छ भने ।

## प्राथमिकतामा निर्यात प्रवर्द्धन

■ प्रभाव संवाददाता

**काठमाडौं –** उद्योगी व्यवसायीले भन्सार जाँचपाससम्बन्धी प्रक्रिया थप सहज र झन्झटरहित बनाउन सरकारलाई सुझाव दिएका छन् । व्यवसायीले नेपालको भन्सार प्रशासनले कतिपय अवस्थामा राजस्व सङ्कलनलाई उच्च प्राथमिकता दिएको अनुभूति गरेको उल्लेख गर्दै अवैध व्यापार नियन्त्रण तथा भन्सार सहजीकरणबाटै सरकारले राजस्व सङ्कलन गर्न सक्ने बताएका हुन् ।

भन्सार दिवसको पूर्वसन्ध्यामा नेपाल उद्योग वाणिज्य महासंघमा आयोजित ७३औं अन्तर्राष्ट्रिय भन्सार दिवस तथा भन्सार जाँचपास एवं व्यापार सहजीकरण अन्तरक्रिया कार्यक्रममा धारणा राख्दै उद्योगी व्यवसायीले तयारी वस्तु, कच्चा पदार्थ तथा मध्यवर्ती वस्तुलाई स्पष्ट गरी भन्सार दरहरूको पुनरावलोकन गर्न सकेको खण्डमा उत्पादन क्षेत्रमा वृद्धि भई अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढाउन सकिने बताए ।

अर्थसचिव डा रामप्रसाद घिमिरेले सरकारले निजी क्षेत्रको लगानीमा सहजीकरण गर्नेगरी नै नीतिगत सुधार गर्दै आइरहेको धारणा राखे । उनले भन्सारको प्रमुख उद्देश्य राजस्व सङ्कलन नभई व्यापार सहजीकरण र निर्यात प्रवर्द्धन नै भएको बताए । 'देशको आर्थिक विकासमा निर्यातको ठूलो भूमिका रहन्छ । हामी हाम्रा उद्योगी व्यसायीहरूलाई कसरी सहजीकरण गर्न सकिन्छ भनेर लागेका छौँ । सरकारले नीतिगत सुधार पनि गर्दै आइरहेको छ । पछिल्ला नीतिगत सुधार त्यसैको लागि आएका हुन्', उनले भने ।

यस्तै उनले नेपालको वैदेशिक व्यापारको ठूलो हिस्सा भारतसँग रहेकाले भारतसँगको व्यापारमा पनि समस्या आउने गरेको उल्लेख गर्दै उनले निकट भविष्यमा हुन लागेको नेपाल-भारत 'कस्टम म्युचुअल एग्रिमेन्ट'ले ती समस्या समाधान हुने धारणा राखे । अर्थसचिव डा. घिमिरेले अहिले विश्व परम्परागत व्यापारबाट आधुनिकतातर्फ गइरहेको सन्दर्भमा नयाँ पुस्तालाई व्यापार व्यवसायमा प्रोत्साहन गर्नुपर्नेमा जोड दिए ।

उक्त अवसरमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले भन्सारका सबै गतिविधिले उद्योग व्यापारमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले स्वस्थ्य व्यावसायिक वातावरण निर्माण गर्नेतर्फ निर्देशित हुन आवश्यक रहेको बताए । 'नेपालजस्तो आयातमा आधारित अर्थतन्त्र भएको मुलुकका लागि भन्सारले राजस्व मात्र सङ्कलन गरेको हुँदैन, यसले समग्र मुलुकको आपूर्ति शृङ्खलालाई व्यवस्थित गरी लगानी प्रवर्द्धनलाई पनि उत्तिकै सहयोग गरिरहेको विषयलाई बिर्सनु हुँदैन', भने ।

अध्यक्ष ढकालले भन्सार प्रशासनलाई अझ बढी निजी क्षेत्रमैत्री र सेवाग्राहीप्रति उत्तरदायी बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय प्रतिबद्धता (क्योटो कन्भेन्सन र टीएफए) अनुरूप नयाँ भन्सार विधेयक संसदमा टेबल हुन लागेको विषय सराहनायोग्य रहेको बताए ।

## स्याउखेती बिस्तार गर्न कृषि प्रविधिकलाई तालिम

**जुम्ला–** स्याउखेतीलाई व्यावसायिक बनाउने उद्देश्यले कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका कृषि प्रविधिकलाई बगैंचा व्यवस्थापन तथा काँटछाँटसम्बन्धी तालिम प्रदान गरिएको छ । हिमाली जिल्ला जुम्लामा पहिलोपटक 'स्याउ बगैँचा व्यवस्थापन' विषयमा कृषि अधिकृत र सहायकस्तरीय प्राविधिकलाई तीनदिने तालिम प्रदान गरिएको हो ।

जुम्लास्थित कृषि अनुसन्धान केन्द्रका प्रमुख डा नवराज आचार्यले कर्णालीलाई अर्गानिक स्याउ उत्पादनको प्रमुख क्षेत्र बनाउने उद्देश्यले कृषि प्रविधिकलाई तालिम प्रदान गरिएको बताउँदै यसले स्याउ उत्पादक किसानलाई सहजीकरण गरेको विश्वास व्यक्त गरे । 'गुणस्तरी उत्पादन गर्न सके यहाँको स्याउलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्न सकिन्छ', उनले भने ।

तालिममा सिकाइएका विषय व्यवहारमा लागू गरे स्याउखेतीले नयाँ गति लिने आचार्यको भनाइ छ । पछिल्लो समय स्याउखेती गर्ने किसानको संख्या बढ्नुका साथै खेती विस्तार भए पनि ज्ञान र सीपको अभावले उत्पादनमा कमी आइरहेको छ ।

> पछिल्लो समय स्याउखेती गर्ने किसानको संख्या बढ्नुका साथै खेती विस्तार भए पनि ज्ञान र सीपको अभावले उत्पादनमा कमी आइरहेको छ ।

व्यावसायिक खेती गर्दा मल व्यवस्थापन, सिँचाइ, बिरुवा काँटछाँट र रोगकीरा नियन्त्रणका विधिका बारेमा सिक्नु जरुरी रहेको कृषि विकास कार्यालय डोल्पाका कृषि अधिकृत महेन्द्र मल्लले बताए । सोही अनुसार तालिमबाट स्याउखेतीका बारे प्राविधिक सीप सिकेको भन्दै यहाँ सिकेका विषय किसानसम्म पुर्‍याइने उनले जानकारी दिए । कर्णाली प्रदेश स्याउखेतीका लागि उर्बर सम्भावना रहेको क्षेत्र भएको जनाउँदै बगैँचा व्यवस्थापन, रोगकीरा नियन्त्रणलगायत विविध ज्ञानको अभावमा उत्पादनमा कमी आएको परियोजना कार्यान्वयन एकाइ खुमलटारका वरिष्ठ कृषि अधिकृत दिनेशप्रसाद सापकोटाले बताए । यहाँबाट सिकेको ज्ञान, सीप किसानसम्म पुर्‍याएर प्राविधिक रूपमा अपनाउनुपर्ने विधिका बारेमा जानकारी गराइने उनले उल्लेख गरे ।

कर्णालीको स्याउलाई राष्ट्रिय 'ब्रान्ड'का रूपमा स्थापित गर्न उत्पादनको गुणस्तर र 'ग्रेडिङ'लाई अनिवार्य गर्नुपर्ने आवश्यकता रहेको तालिममा सहभागी कृषि प्रविधिकको भनाइ छ । वरिष्ठ कृषि अधिकृत सापकोटाले खेतीको विस्तारसँगै बजारीकरणमा समेत ध्यान दिँदै सरकारको नीतिगत पहल आवश्यक रहेकामा जोड दिए । जुम्लाको सिञ्जा गाउँपालिकाका कृषि विकास शाखा प्रमुख मनिषा बुढाले परम्परागत स्याउखेतीले अपेक्षित प्रतिफल नदिएपछि किसानलाई आधुनिक खेतीबारे ज्ञान आवश्यक रहेकामा जोड दिए । उनका अनुसार तालिममा बगैँचा व्यवस्थापनको उपयुक्त समय र विधिका बारेमा विस्तृत जानकारी प्राप्त भएको छ ।

स्याउखेतीको प्रभावकारिता बढाउन यो तालिम सहयोगी बनेको कनकासुन्दरी गाउँपालिका कृषि विकास शाखा प्रमुख रत्नबहादुर घर्तीले धारणा राखे । नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष पूर्णप्रसाद चौलागाईंले तालिमलाई औपचारिकतामा मात्र सीमित नगरी व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्ने सुझाव दिए ।

परियोजना व्यवस्थापन एकाइ जुम्लाका प्रमुख खेमराज शाहीका अनुसार जिल्लामा पाँच हजार दुई सय हेक्टर क्षेत्रफलमा स्याउखेती भइरहेको छ । यस वर्ष स्याउ निर्यातबाट रु ६१ करोड आम्दानी भएको छ । तालिमले स्याउको उत्पादन वृद्धिमा सहयोगी भूमिका निर्वाह गर्ने उनले विश्वास व्यक्त गरे ।

स्याउ बगैँचा व्यवस्थापन तालिमले स्याउखेतीलाई थप आधुनिक, व्यवस्थित र व्यावसायिक बनाउन टेवा पुग्ने अपेक्षा राखिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाइ जुम्लाले जनाएको छ । जुम्लासहित कालीकोट, मुगु, हुम्ला, डोल्पा, अछाम, दार्चुला र सुर्खेतका कृषि प्रविधिकलाई यही माघ ८ गतेदेखि ११ गतेसम्म जुम्ला सदरमुकाम खलङ्गामा तालिम प्रदान गरिएको थियो । *रासस*


वैदेशिक रोजगारमा जाँदा ख्याल राख्नुपर्ने कुराहरू

- वैदेशिक रोजगारीका बारेमा राम्ररी बुझेर मात्रै जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा सम्बन्धित देशको नियम कानुनहरूको बारेमा जानकार रहौं,
- आधिकारिक प्रमाणपत्र र कागजात बनाएर मात्रै वैदेशिक रोजगारीमा जाऔं
- वैदेशिक रोजगारीमा जाँदा वैधानिक बाटो प्रयोग गरौं,
- सरकारबाट प्रदान गरिने आधारभूत प्रशिक्षण लिएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीका नाममा अनेक झुठ्ठा प्रलोभन देखाएर ठगीको सिकार हुनसक्ने भएकाले सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ